# बँगुरपालन व्यवसायको एक अध्ययन : सूर्यविनायक नगरपालिका वडा नम्बर १०, भक्तपुर

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग,

स्नातकोत्तर तह (एम.एड) चौँथो सेमेष्टरको आंशिक

आवश्यकता पुरा गर्न तयार पारिएको

शोधपत्र


शोधकर्ता

हेमन्त राई

स्नातकोत्तर चौथो सेमेष्टर

परिक्षा क्रमाङ्क ७३२८५३०

त्रि.वि. दर्ता नं. ९-२-११-२६-२०१२

क्याम्पस रोल नं. २९५

भर्ना वर्ष २०७३



अर्थशास्त्र शिक्षा विभाग, शिक्षाशास्त्र केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाण्डौ

मंसिर, २०७८

## प्रतिवद्धता पत्र (DECLARATION)

प्रस्तुत शोधपत्र **बँगुरपालन व्यवसायको एक अध्ययन : सूर्यविनायक नगरपालिका, वडा नम्बर १०, भक्तपुर** शिर्षकमा त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयको, स्नातकोत्तर चौँथो सेमेष्टरको आंशिक आवश्यकता परीपुर्तिका लागि तयार पारिएको हो । यस शोधपत्र प्रा. डा. सूर्य बहादुर थापाको निर्देशन तथा सुपरिवेक्षणमा तयार पारिएको हो । यस शोधपत्र त्रिभुवन विश्वविद्यालयको शोध मापदण्डको आधारमा तयार पारिएको कुरामा प्रतिबद्धता व्यक्त गर्दछु ।

...............................

हेमन्त राई

शोधकर्ता

मिति : २२-०८-२०७८

मिति : २२-०८-२०७८

## सिफारिस पत्र (RECOMMENDATION LETTER)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर चौँथो सेमेष्टरको आंशिक आवश्यकता परीपुर्तिका लागि **बँगुरपालन व्यवसायको एक अध्ययन : सूर्यविनायक नगरपालिका, वडा नम्बर १०, भक्तपुर** शिर्षकको शोधपत्र मेरो निर्देशन, सुझाव एवम् सल्लाहमा शोधार्थी छात्र हेमन्त राईले तयार पार्नु भएको हो । उक्त शोधपत्र स्वीकृतको लागि सिफारिस गर्दछु ।

.......................................................

प्रा. डा. सूर्य बहादुर थापा

शोध निर्देशक

अर्थशास्त्र शिक्षा केन्द्रीय विभाग

शिक्षाशास्त्र केन्द्रीय विभाग

मिति : २२-०८-२०७८

मिति : २२-०८-२०७८

## स्वीकृति पत्र (APPROVAL SHEET)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग अन्तर्गत अर्थशास्त्र शिक्षा विषयमा स्नातकोत्तर चौँथो सेमेष्टरको आंशिक आवश्यकता परीपुतीका लागि **बँगुरपालन व्यवसायको एक अध्ययन : सूर्यविनायक नगरपालिका वडा नम्बर १०, भक्तपुर** शिर्षकको शोधपत्र अर्थशास्त्र शिक्षा स्नातकोत्तर उपाधिका लागि स्वीकृत गरिएको छ ।

### शोधपत्र मुल्याङ्कन समिति

(१) विभागीय प्रमुख ..................................

सह-प्राध्यापक विष्णु बहादुर लुइँटेल

(२) शोध निर्देशक ..................................

प्राध्यापक डा. सूर्य बहादुर थापा

(३) बाह्य सुपरिवेक्षक ..................................

सह प्राध्यापक डा. नरेन्द्र कटुवाल

मिति : २२-०८-२०७८

# कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS)

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र केन्द्रीय विभाग, अर्थशास्त्र शिक्षा विभाग, स्नातकोत्तर तह (एम.एड.) चौथो सेमेष्टरको आंशिक आवश्यकता पुर्ति गर्नका लागि **बँगुरपालन व्यवसायको एक अध्ययन : सूर्यविनायक नगरपालिका वडा नम्बर १०, भक्तपुर** शिर्षकमा शोधपत्र तयार पारेको छु । सर्वप्रथम शोध प्रस्तावना स्विकृत गरी शोधपत्र तयार गर्ने अवसर प्रदान गर्नु हुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख आदरणीय प्राध्यापक डाक्टर सुर्य बहादुर थापा सरलाई आभार व्यक्त गर्दछु ।

शोधपत्रलाई सार्थक र उपलब्धीमुलक बनाउन शोध प्रस्तावना देखि शोधपत्र तयार पारिन्जेल सम्म सहज ढंगले निरन्तर सल्लाह, सुझाव र सहयोग गर्नु हुने अर्थशास्त्र शिक्षा विभागका विभागीय प्रमुख तथा शोध निर्देशक आदरणीय गुरु प्राध्यापक डाक्टर सूर्य बहादुर थापा, अर्थशास्त्र शिक्षा विभागका आदरणीय गुरुहरु प्राध्यापक डाक्टर विनय कुमार कुसैयत, सह प्राध्यापक विष्णु बहादुर लुइटेल, उप प्राध्यापक मिनराज पौडेल, उप प्राध्यापक पद्मा कोइराला प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

स्थलगत अध्ययनको क्रममा आवश्यक सुचना तथा तथ्याङ्कहरु सहजै उपलब्ध गराउनु हुने ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. का संचालक भिमसेन राई त्यस्तै सिमखोला बँगुर फर्मका संचालक बद्रि कुमार ट्वाति तथा दुवै बँगुर फर्मका मेहनति कामदारहरु लाई हार्दिक धन्यवाद दिन चाहन्छु । सबै परिस्थितीहरुमा साथ, सहयोग र सुझाव गर्नु हुने मेरो अभिभावक तथा सम्पुर्ण आफन्तजन प्रति सदैव आभारी छु । अन्त्यमा शोधपत्र लेखनको क्रममा सहयोग गर्नु हुने साथिहरु भरत भट्टराई, कविता तामाङ्ग, शिव शंकर चौधरी, उदास लिम्बुखिम, बविता लिम्बु प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

शोधकर्ता

हेमन्त राई

## सारसंक्षेप (ABSTRACT)

यस शोधपत्रको साधारण उद्देश्य बँगुरपालन व्यवसायको अध्ययन गर्नु हो भने विशिष्ट उद्देश्यहरु (क) बँगुरपालन व्यवसायको वर्तमान अवस्थाको विश्लेषण गर्नु (ख) बँगुरपालन व्यवसायको लागत पहिचान गर्नु (ग) बँगुरपालन व्यवसायको लाभ पहिचान गर्नु र (घ) बँगुरपालन व्यवसायको लागत लाभ विश्लेषण गर्नु रहेको थियो ।

उक्त उद्देश्यहरु पुरा गर्नका लागि सुर्यविनायक नगरपालिका वडा नम्बर १०, भक्तपुरमा संचालित ४ वटा बँगुर फर्महरु मध्ये सामान्य सम्भावनायुक्त नमुना छनौट विधि अन्तर्गत चिठ्ठा विधिको प्रयोग गरेर २ वटा (५० प्रतिशत) ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्म नमुनाको रुपमा छनौट गरीएको थियो । उक्त बँगुर फर्महरु बाट बँगुरपालन व्यवसायको वर्तमान अवस्था, लागत, आय, लाभ तथा लागत लाभ विश्लेषण जस्ता शिर्षकहरु बनाई विभिन्न प्राथमिक तथ्याङ्कहरु संकलन गरिएको थियो । त्यस्तै अर्थमन्त्रालय, राष्ट्रिय योजना आयोग, कृषि विभाग, पशु सेवा विभाग, जील्ला समन्वय समिति तथा नगरपालिका द्धारा प्रकाशित विभिन्न लेख रचनाहरु र अनलाइनमा प्रकाशित लेख रचनाहरु तथा विभिन्न व्यक्तीहरु द्धारा तयार गरिएको अप्रकाशित शोध पत्र आदी लाई द्वितिय तथ्याङ्कको स्रोतहरुको रुपमा प्रयोग गरिएको थियो । यसरी संकलन गरिएको तथ्याङ्कहरु लाई आवश्यकता अनुसार तालिका र वृत्तचित्र द्धारा प्रस्तुत गरिएको छ भने व्याख्यात्मक तथा विश्लेषणात्मक विधि द्धारा विश्लेषण गरिएको छ ।

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. २०६५ साल देखी सुरु गरेको हो, भने सिमखोला बँगुर फर्म २०६८ साल देखी सुरु गरेको पाइयो । ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. संचालकको ४ जना परिवार संख्या मध्ये २ जना बँगुरपालन कार्यमा संलग्न रहेको पाइयो भने सिमखोला बँगुर फर्म संचालकको ५ जना परिवार संख्या मध्ये १ जना मात्र बँगुरपालन कार्यमा संलग्न रहेको पाइयो ।

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. ले ३० वटा पाठापाठी र अन्य खर्च समेत गरि रु. ३,००,००० लगानि बाट सुरु गरेको पाइयो भने सिमखोला बँगुर फर्म ले २२ वटा पाठापाठी र अन्य खर्च समेत गरि रु. १५,००,०० लगानी बाट सुरु गरेको पाइयो ।

नमुनाको रुपमा छनौटमा परेका दुवै बँगुर फर्महरुमा ल्याण्डरेस, ड्युरोक, ह्याम्पसायर, योर्कसायर, धराने कालो, पाखीबासे कालो जातका बँगुरहरु मिश्रीत रुपमा रहेको पाइयो ।

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. मा बँगुरहरुका लागि ५२ वटा खोरहरु र आहारा संकलनका लागि १ वटा सानो गाडि रहेको पाइयो भने सिमखोला बँगुर फर्ममा बँगुरहरुका लागि ३१ वटा खोर र आहारा संकलनका लागि १ वटा सानो गाडि रहेको पाइयो ।

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. मा ३६० वटा भन्दा बढि बँगुरहरु रहेको पाइयो । त्यस्तै सिमखोला बँगुर फर्ममा २२० वटा भन्दा बढि बँगुरहरु रहेको पाइयो ।

दुवै फर्महरुमा ४५ दिन पुगे पछि पाठापाठी र ६ देखि ७ महिना पुगे पछि मासुजन्य बँगुरहरु विक्री गर्ने गरेको पाइयो । २०७६ सालमा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. ले प्रतिगोटा औषत रु. ७,५०० का दरले ८०० वटा पाठापाठीहरु र प्रतिगोटा औषत रु. २७,००० का दरले २०० वटा मासुजन्य बँगुरहरु विक्री गरेको पाइयो । त्यस्तै सिमखोला बँगुर फर्मले प्रतिगोटा औषत रु. ७,५०० का दरले ५०० वटा पाठापाठीहरु र प्रतिगोटा रु. २८,००० का दरल १५० वटा मासुजन्य बँगुरहरु विक्री गरेको पाइयो ।

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को कुल स्थीर लागत रु. ६९,४०,००० र परिवर्तनशील लागत रु. १८,८५,००० गरी कुल लागत रु. ८८,२५,००० रहेको थियो । त्यस्तै सिमखोला बँगुर फर्मको स्थीर लागत रु. ५२,९०,००० र परिवर्तनशील लागत रु. १५,५०,००० गरी जम्मा कुल लागत रु. ६८,४०,००० रहेको थियो । भने दवै पर्मको लागतलाई जोडेर २०७६ सालको बँगुरपालन व्यवसायको स्थीर लागत रु. १,२२,३०,००० र परिवर्तनशील लागत रु. ३४,३५,००० गरी कुल लागत रु. १,५६,६५,००० रहेको थियो ।

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को कुल आय रु. १,१४,३०,००० रहेको पाइयो । त्यस्तै सिमखोला बँगुर फर्मको कुल आय रु. ७९,८०,००० रहेको पाइयो । भने बँगुरपालन व्यवसायको रु. १,९४,१०,००० कुल आय प्राप्त भएको पाइयो ।

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को कुल लाभ रु. २६,०५,००० र सिमखोला बँगुर फर्मको रु. ११,४०,००० कुल लाभ प्राप्त भएको पाइयो । भने बँगुरपालन व्यवसायको रु. ३७,४५,००० कुल लाभ प्राप्त भएको पाइयो ।

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को पुँजीको सिमान्त क्षमता २९.५१ प्रतिशत, सिमखोला बँगुर फर्मको १६.१६ प्रतिशत र बँगुरपालन व्यवसायको २३.९० प्रतिशत पुँजीको सिमान्त क्षमता रहेको पाइयो ।

उन्नत जातका पाठापाठी सहज रुपमा उपलब्ध नहुनु, आहारा संकलनमा कठिनायी हुनु, बँगुरमा लाग्ने रोगको समस्या, स्थायी कामदारको अभाव, अस्थिर बजार मुल्य आदी बँगुरपालन व्यवसायको समस्याको रुपमा रहेको पाइयो ।

## विषय सूची (CONTENTS)


**शिर्षक** **पृष्ठ**

प्रतिवद्धता पत्र (DECLARATION) ii

सिफारिस पत्र (RECOMMENDATION LETTER) iii

स्वीकृती पत्र (APPROVAL SHEET) iv

कृतज्ञता ज्ञापन (ACKNOWLEDGEMENTS) v

शोध सार (ABSTRACT) vi

तालिका सुचि (LIST OF TABLES) xiii

चित्र सुचि (LIST OF FIGURES) xiv

**परिच्छेद एक (CHAPTER ONE)**

**१.परिचय (INTRODUCTION) १-९**

१.१. अध्ययनको पृष्ठभूमि (Background of the Study) १

१.२. समस्याको कथन (Statement of the Problem) ५

१.३. अध्ययनको उद्देश्य (Objectives of the Study) ६

१.४. अनुसन्धान प्रश्न (Research Questions) ७

१.५. अध्ययनको महत्व (Significance of the Study) ७

१.६. अध्ययनको परिसिमा (Delimitations of the Study) ८

**परिच्छेद दुई (CHAPTER TWO)**

**२. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of the Related Literature and Conceptual Framework) १०-२३**

२.१. सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoretical Literature) १०

२.२. अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Research Literature) १५

२.३. साहित्यक पुनरावलोकनको उपदेयिता (Implication of the Review for the Study) २०

२.४. अनुसन्धान अन्तर (Research Gap) २१

२.५. अवधारणात्मक संरचना (Conceptual Framework) २२

२.६. कार्यात्मक संरचना (Functional Framework) २३

## परिच्छेद तिन (CHAPTER THREE)

**३. अनुसन्धान विधि र प्रक्रिया (Methods and Procedure of the Study)** **२४-२७**

३.१. अनुसन्धान ढाँचा (Research Design) २४

३.२. तथ्याङ्कको स्रोत (Sources of Data) २४

३.२.१. प्राथमिक स्रोत (Primary Source) २४

३.२.२. द्धितिय स्रोत (Secondary Source) २५

३.३. जनसंख्या, नमुना आकार र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy) २५

३.३.१. जनसंख्या (Population) २५

३.३.२. नमुना आकार (Sample Size) २५

३.३.३. नमुना छनौट रणनीति (Sampling Strategy) २५

३.४. अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area) २६

३.५. तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection) २६

३.५.१. प्रश्नावली (Questionnaire) २६

३.५.२. अवलोकन सुचि (Observation List) २७

३.६. तथ्याङ्क संकलनका प्रविधिहरु (Techniques of Data Collection) २७

३.६.१. प्रत्यक्ष व्यक्तिगत अन्तरवार्ता (Direct Personal Interview) २७

३.६.२. प्रत्यक्ष अवलोकन ( Direct Observation) २७

३.७. तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण (Data Analysis and presentation) २७

३.८. नीतिगत प्रावधान (Ethical Consideration) २७

## परिच्छेद चार (CHAPTER FOUR)

**४. तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण (Analysis and Interpretation of Data)** **२८-६०**

४.१. भक्तपुर जिल्लाको परिचय (Introduction to the Bhaktapur District) २८

४.१.१. भौगोलिक अवस्था (Geographical Status) २८

४.१.२. राजनैतिक तथा प्रशासनिक व्यवस्था (Political and Administrative System) २९

४.१.३. जनसंख्याको अवस्था (Population Status) २९

४.१.४.सामाजीक अवस्था (Social Status) २९

४.१.५. शैक्षिक अवस्था (Educational Status) ३०

४.१.६. स्वास्थ्य अवस्था (Health Status) ३०

४.१.७. धार्मिक तथा पर्यटन क्षेत्र (Religious and Tourism Area) ३१

४.१.८. यातायातको अवस्था (Transportation Status) ३१

४.२. सूर्यविनायक नगरपालिकाको परिचय (Introduction to the Suryabinayak Municipality) ३२

४.२.१. भौगोलिक अवस्था (Geographical Status) ३२

४.२.२. जनसांख्यीकी अवस्था (Demography Status) ३३

४.२.३. शैक्षिक अवस्था (Educational Status) ३३

४.२.४. स्वास्थ्य अवस्था (Health Status) ३४

४.३. बँगुरपालन व्यवसायको वर्तमान अवस्था (Current Situation of Pig Farming) ३५

४.४. बँगुरपालन व्यवसायको लागत (Cost of Pig Farming) ३७

४.४.१. बँगुरपालन व्यवसायको स्थीर लागत (Fixed Cost of Pig Farming) ३८

४.४.२. बँगुरपालन व्यवसायको परिवर्तनशील लागत (Variable Cost of Pig Farming) ४१

४.४.३. बँगुरपालन व्यवसायको कुल लागत (Total Cost of Pig Farming) ४५

४.५. बँगुरपालन व्यवसायको आय (Income of Pig Farming)

४.६. बँगुरपालन व्यवसायको लाभ (Profit of Pig Farming) ५१

४.७. बँगुरपालन व्यवसायको पुँजीको सिमान्त क्षमता (Marginal Efficiency of Capital of Pig Farming) ५२

४.८. बँगुरपालन व्यवसायको समस्याहरु (Problems of Pig Farming) ५६

४.९. अध्ययनको सारांश (Summary of the Study) ५८

## परिच्छेद पाँच (CHAPTER FIVE)

**५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS)** **६१-६६**

५.१. निष्कर्ष (Conclusion) ६१

५.२. सुझावहरु (Recommendations) ६३

५.२.१. नितीगत सुझावहरु (Policy Related Recommendations) ६४

५.२.२. प्रयोगात्मक सुझावहरु (Practice Related Recommendations) ६५

५.२.३. आगामी अनुसन्धान संग सम्बन्धीत सुझावहरु (Further Resesrch Related Recommendations) ६६

**अनुसूचीहरु (Appendixs)** **६७-७२**

अनुसूची १ (Appendix 1) : व्यवसायीका लागि प्रश्नावली ७०

अनुसूची २ (Appendix 2) : कामदारको लागि प्रश्नावलि ७१

अनुसूची ३ (Appendix 3) : अवलोकन सूची ७२

**सन्दर्भ सूची (References)** **७३-७५**

# तालिका सुची (LIST OF TABLES)


| तालिका नम्बर | शिर्षक | पृष्ठ |
|---|---|---|
| तालिका ४.१ | सूर्यविनायक नगरपालिकाको वडागत जनसंख्याको विवरण | ३३ |
| तालिका ४.२ | सूर्यविनायक नगरपालिकामा देखिएका रोगहरु | ३४ |
| तालिका ४.३ | ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को स्थीर लागत | ३९ |
| तालिका ४.४ | यस सिमखोला बँगुर फर्मको स्थीर लागत | ४० |
| तालिका ४.५ | ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को परिवर्तनशील लागत | ४३ |
| तालिका ४.६ | सिमखोला बँगुर फर्मको परिवर्तनशील लागत | ४५ |
| तालिका ४.७ | बँगुरपालन व्यवसायको कुल लागत | ४६ |
| तालिका ४.८ | ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि बाट प्राप्त आय | ४८ |
| तालिका ४.९ | सिमखोला बँगुर फर्म बाट प्राप्त आय | ४९ |
| तालिका ४.१० | बँगुरपालन व्यवसायको आय | ५० |
| तालिका ४.११ | बँगुरपालन व्यवसायको लाभ | ५२ |

## चित्र सुची (LIST OF FIGURES)


| चित्र नम्बर | शिर्षक | पृष्ठ |
|---|---|---|
| वृत्तचित्र ४.१ | बँगुरपालन व्यवसायको कुल लागत | ४७ |
| वृत्तचित्र ४.२ | ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि र सिमखोला बँगुर फर्म बाट प्राप्त आय | ५१ |

## परिच्छेद एक (CHAPTER ONE)

## १. परिचय (INTRODUCTION)

### १.१. अध्ययनको पृष्ठभूमि (Background of the Study)

नेपाल एउटा कृषी प्रधान देश हो । आर्थिक वर्ष २०७४/७५ मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २७.५९ प्रतिशत रहेको थियो भने कृषि क्षेत्रको वृद्धिदर २.७ प्रतिशत रहेको थियो । कृषि अर्न्तगत खाद्यान्न वालि, दलहन तथा तेलहन वाली, नगदे वालि, मसला वाली, मत्स्य तथा पशुपन्क्षीजन्य उत्पादन आदि पर्दछन । आ.व. २०७५/७६ को फागुन सम्ममा पशुपन्छीको संख्यामा आ.व. २०७४/७५ को तुलनामा ०.२ देखि ३.७ प्रतिशतले वृद्धि भएको देखिन्छ । त्यस्तै आ.व. २०७५/७६ को फागुन सम्ममा २ लाख ४८ हजार मेट्रिक टन मासु उत्पादन भएको छ, जुन आ.व. २०७४/७५ को सोहि अवधिको तुलनामा करिब ६.५ प्रतिशतले बढि हो । मासु उत्पादनको विभिन्न स्रोतहरु मध्ये एउटा महत्वपुर्ण स्रोत बँगुरपालन व्यवसाय हो । नेपालमा कुल मासु उत्पादनको करिब ७ प्रतिशत मासु बँगुरको रहेको छ (अर्थमन्त्रालय, २०७६) ।

नेपालमा बँगुरपालन परम्परा देखि नै खास–खास जाति तथा जनजातीहरुले मात्र गर्दै आइरहेको थियो । सिमित जातजातिले मात्र गर्दै आएको बँगुरपालन व्यवसायीकरण हुन सकिरहेको थिएन । तर पछिल्लो समय सामाजिक चालचलनमा आएको परिवर्तन, मानिसहरुको आम्दानिमा भएको वृद्धि, खानपान शैलीमा आएको परिवर्तन जस्ता कुराहरुले मासुजन्य वस्तुहरुको मागमा बृद्धि भएको छ, भने यसले बँगुरपालन व्यवसायमा पनि बृद्धि गरिरहेको छ । यसले बँगुरपालन व्यापक व्यवसायीकरण हुदै गएको र बँगुरको उत्पादनमा वृद्धि हुदै गएको कुरालाई देखाउदछ । बँगुरपालन गर्दा विशेष गरि पाठापाठी उत्पादन र मासु उत्पादन गर्ने उद्देश्यले गरिन्छ । यस व्यवसाय गर्न धेरै प्राविधिक ज्ञान, सिप, दक्षता र ठुलो मात्रामा लगानिको आवश्यकता पर्दैन । यसलाई क्रमशः अनुभव बटुल्दै, लगानिलाई बढाउदै व्यवसाय विस्तार गर्न सकिन्छ । अहिले नेपालमा बँगुरपालन एक महत्वपूर्ण मासु उत्पादन व्यवसायको रुपमा विकसित हुदै आएको छ । देशमा कुल मासु उत्पादन ३२२०५९ मे.ट. मध्ये करिब २३५०९ मे.ट. अथवा ७.३५ प्रतिशत मासु बँगुरको रहेको छ । भने

वार्षिक बँगुरको मासुको वृद्धिदर १६ प्रतिशत रहेको छ । त्यस्तै बँगुरको संख्या ७.३२ प्रतिशतले वृद्धि भइरहेको छ (पौडेल र भट्ट २०७५), ।

नेपालमा वि.सं. २०१६ साल देखी बँगुर पालन व्यवसाय सुरु गरिएको हो । यहाँ मुख्य गरि योर्कसायर, ह्याम्पसायर, ल्याण्डरेस, ड्युरोक, धराने कालो बँगुर तथा पाखीबासे कालो जस्ता बँगुरहरु पालीने गरेको छ । विश्वमा स्थानिय तथा विदेशी गरि करिव ९० जात (ब्रिड) र २९० भन्दा बढि उपजातका बँगुरहरु पालिन्छ । विश्वमा करिब २ अर्ब संख्यामा बँगुर रहेका छन् भने नेपालमा करिब १६ लाख संख्या रहेको अनुमान छ । विश्वमा झण्डै १२ करोड मेट्रिक टन बँगुरको मासु उत्पादन हुन्छ । विश्व खाद्य संगठनका अनुसार विश्वमा सबै भन्दा बढि बँगुर उत्पादन र उपभोग गर्ने देश चीन हो । नेपालमा पनि झण्डै १२ लाख मेट्रिक टन बँगुरको मासु खपत हुने गरेको छ । जस मध्ये करिब १० लाख मेट्रिक टन मासु होटल व्यवसायमा खपत हुने गरेको छ । यद्यपी नेपाल अझै बँगुरको मासुमा आत्मनिर्भर बन्न सकेको छैन (कार्की २०७६), ।

**नेपालमा पाइने स्थानिय जातका बँगुरहरु :**

स्थानिय जातका बँगुरहरु भन्नाले त्यस्ता जातका बँगुरहरुलाई चीनिन्छ जुन नेपालमै उत्पति भएका अथवा परम्परागत रुपमा परम्परादेखि नै पाल्दै आएको बँगुरको जातिहरु छन् । यस किसीमको बँगुर छाडा छोडेर पाल्ने, आहार आफै खोजेर खाने, रोग कम लाग्ने तथा स्थानिय वातावरणमा बाँच्न सक्ने विशेषता र क्षमता भएका हुन्छन् । यी सकारात्मक विशेषताहरु भए पनि यीनीहरुमा तुलनात्मक रुपमा कम उत्पादकत्व हुने भएकाले व्यवसायीक दृष्टिलेकम रुचाइएको पाइन्छ । नेपाली स्थानिय जातहरुका बँगुरहरुलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

(क) च्वाँचे : यस जातका बँगुरलाई पहाडि क्षेत्रमा सिमित जातका मानिसहरुले पाल्दै आएको पाइन्छ । यसलाई सुँगुर पनि भन्ने गरिन्छ, भने यसलाई चीनबाट धेरै वर्ष अगाडि प्रवेश गराइएको मानिन्छ । यो प्रतिकुल वातावरणमा तथा कम हेरचाहको अवस्थामा पनि हुर्कन सक्दछ । प्राय यसको रङ कालो हुन्छ, एक पटकमा यसले सरदर ७–८ वटा बच्चा जम्माउने गर्दछ भने यस जातका वयस्क भाले बँगुरको तौल २२–३४ के.जी. सम्म हुन्छ ।

(ख) हुर्रा : यस जातका बँगुरहरु तराई क्षेत्रमा पाइन्छ । यस जातका बँगुरहरु अति फुर्तिलो हुने गर्दछ यसलाई तराइमा दुसाद तथा मेहतर जातका मानिसहरले यसलाई डुलाएर पाल्ने गर्दछ ।यस जातका बँगुरलाई बँदेल जस्तै देखिन्छ । यसको रौँ खैरो वा कालो हुन्छ र रौँ ठाडो हुन्छ । यस जातका बँगुरले सरदर ६–७ वटा बच्चा जन्माउदछ भने वयस्क अवस्थामा भाले बँगुरको तौल औषत ५० के.जी. सम्म हुन्छ ।

(ग) बामपुड्के : वास्तवमा यो जंगलि बँदेलकै जात हो । रातो, खैरो, र कालो रङको हुने गर्दछ । यस जातको बँगुर सम्भवत सबै भन्दा सानो जातको घरपालुवा बँगुर अन्तर्गत पर्दछ । यसले एक पटकमा सरदर ४–५ वटा बच्चा जन्माउदछ भने यस जातको वयस्क बँगुर औषत २० के.जी. सम्म हुने गर्दछ ।

(घ) जंगलि बँदेल : यसलाई राष्ट्रिय निकुञ्जको वरिपरि किसानहरुले गैह्र कानुनि रुपमा पाल्ने गरेको पाइन्छ । जंगलि बँदेलहरु पनि बँगुर प्रजाति अन्तर्गत नै पर्दछन् । यसको उचाई अधिकतम १ मि. जति हुने गर्दछ । भने जीउमा कालो तथा खैरो रौँ हुने गर्दछ । यस्ता रौँ विशेष गरि गर्धनमा लामो लामो हुने गर्दछ । एक पटकमा यसले सरदर ४ देखि ६ वटा बच्चा जन्माउने गर्दछ, भने यो वयस्क हुदा २००–२५० के.जी. सम्मको हुन्छ ।

(ङ) पिग्मी बँदेल :नेपाल, भारत, भुटान आदि देशहरुमा पाइने यस बँदेल औषत २५ से.मि. उचाई र ६० से.मी. लम्बाई हुन्छ । यसले ३–६ वटा सम्म वच्चा जन्माउदछ भने यस जातका वयस्क भाले बँदेल कमशः ८.५ के.जी. सम्मको हुने गर्दछ ।

(च) पाखीवास कालो : बँगुरको विभिन्न जातहरु मध्ये पूर्वि पहाडमा यस जातको बढि लोकप्रियता छ । पाखीवास कृषि केन्द्रले स्थानिय जातहरुसंग ट्यामवर्थ, हेम्पसायर, योर्कसायर र फायुन जातका उन्नत बँगुरहरुलाई ऋमशः ऋस गराएर विकसित गरिएको यस जातको बँगुरको रङ्ग कालो हुने गर्दछ । एक पटकमा १०–१२ वटा वच्चा जन्माउदछ भने यस जातका वयस्क भाले बँगुर ऋमशः १७० के.जी. सम्मको हुने गर्दछ ।

(छ) धराने कालो बँगुर : पूर्वि पहाडमा पाइने पाखीवास कालो र धराने कालो बँगुर दुई फरक जातका हुन् । तर यीनिहरुमा छुट्याउनै नसक्ने वर्णसंकर निस्केको छ । यो पनि पाखिबास कालो जस्तै कालो रङ्गको हुने गर्दछ । केहि लामो जीउ र केहि ठुला कान अगाडी

पट्टी लत्रीएको यस जातका बँगुरले ८ देखि १० वटा सम्म वच्चाहरु जन्माउने गर्दछ । यस जातका वयसस्क भाले बँगुर १८० के.जी. सम्मको हुने गर्दछ (गौतम २०७१), ।

**नेपालमा पाइने उन्नत जातका बँगुरहरु :**

संसारमा ९० भन्दा वढि बँगुरका जातहरु छन् । त्यस मध्ये राम्रो उत्पादकत्व भएको जातहरु भने सिमित छन् । जसमा नेपालमा केहि उन्नत जातका बँगुरहरु भीत्रिएको र पालिदै आएको छ । यस्ता जातका बँगुरहरु उत्पादकत्व बढि भएकाले यीनिहरु प्रति किसानहरु निकै आकर्षित भएका छन् । तर यस्ता जातका बँगुरहरुलाई स्थानिय वातावरणमा समायोजन गर्न गाह्रो हुने, रोग बढि लाग्ने तथा बढि स्याहार गर्नु पर्ने जस्ता समस्याहरु छन् । नेपालमा पाइने उन्नत जातका बँगुरहरु निम्न अनुसार छन् ।

(क) ल्याण्डरेस : डेनमार्कमा उत्पादित डेनिस ल्याण्डरेसलाई फेरि चीनियाँ बँगुरसंग क्रस गराई अमेरिकामा विकास गरिएको जात हो । यो बोसो कम भएको मासुको लागि युरोपमा प्रख्यात छ । यो केहि सागुरो लामो शरिर, केहि छोटो खुट्टा, कानहरु भुँइतिर लत्रेको सेतो रङको हुन्छ । यो २ वर्षमा ३ पटक सम्म ब्याउने र एक पटकमा १०–१४ बच्चाहरु जन्माउन सक्ने क्षमताको हुन्छ । वयस्क भालेको तौल ३००–४०० के.जी. र पोथी २५०–३०० के.जी. सम्मको हुन्छ ।

(ख) योर्कसायर : वेलायतमा उत्पति भएको यो जातको बँगुरलाई लार्ज ह्वाइड र मिडिल ह्वाहड गरि दुई भागमा विभाजन गरिएको छ । यो बँगुर ल्याण्डरेस भन्दा केहि गँठिलो आकारको ठुलो र खुट्टाहरु पनि केहि लामो हुने गर्दछ । यसको कान केहि पातलो, अगाडि फर्केको केहि ठाडो परेको हुन्छ । भने यसको थुतुनो केहि फराकिलो र केहि घुमेर माथि उठेको हुन्छ । यस जातका बँगुरले एक पटकमा ७ देखि १० वटा सम्म वच्चा जन्माउदछ । वयस्क अवस्थामा यस जातको भाले बँगुरको तौल ३१०–४५० र पोथी २५०–३५० के.जी. सम्मको हुन्छ ।

(ग) ह्याम्पसायर : यो जात वेलायतको ह्याम्पसायर भन्ने ठाँउमा उत्पति भएको हो । यो जातको बँगुर उन्नत भए पनि तुलनात्मक रुपमा प्रतिकुल वातावरण पनि सहन सक्ने हुन्छ । यी बँगुरहरुको रङ कालो हुन्छ । तर कान देखि काँध, छाति हुदै अगाडिको खुट्टा सम्म

सेतो धर्सा हुन्छ । यो बँगुर तुलनात्मक रुपमा फुर्तिलो, छिट्टो खाने, खुट्टाहरु केहि छिटो तर बलियो हुन्छ । यस किसिमको बँगुरले एक पटकमा १०–१४ वटा सम्म बच्चा जन्माउने गर्दछ भने यस जातको वयस्क भाले बँगुर ३००–४०० के.जी. र पोथी बँगुर २०० देखि ३०० के.जी. सम्मको हुन्छ ।

(घ) टेमवर्थ : यो पनि वेलायति जातकै बँगुर हो । यो फिक्का सुनौलो तथा कालो रङको हुन्छ । भने यसलाई विश्वको सबै भन्दा पुरानो घरपालुवा बँगुर मानिन्छ । यसको टाउको र थुतुनो लामो, कान ठाडो साथै खुट्टाहरु लामो हुने गर्दछ । यस जातको बँगुरले एक पटकमा ८ देखि १२ वटा सम्म वच्चा जन्माउदछ भने यो बँगुर वयस्क अवस्थामा भाले ३५० के.जी. र पोथी ३०० के.जी. सम्मको हुन्छ ।

(ङ) ड्युरोक : यो अफ्रीका, स्पेन तथा पोर्चुगलका स्थानिय बँगुरहरुलाई अमेरिका लगेर तिनिहरु विच क्रस गरी पछि फेरी टेमवर्थ पनि क्रस गरेर विकास गरिएको जातको बँगुर हो । यस बँगुरहरु एकै पटकमा धेरै वच्चा जन्माउने र हुर्काउने गुण हुन्छ । वयस्क भाले ड्युरोक ४००–४५० र पोथी ३५० के.जी. सम्म हुन्छ ।

(च) मेहसान/नागपूरी : चीनमा विकास भएको यस बँगुरको रङ कालो हुन्छ । लत्रीएको कान, भासीएको ढाड र कुच्चीएको अनुहार भएको यस बँगुरको १४–१५ वटा सम्म वच्चा जम्माउने क्षमता हुन्छ । वयस्क नागपूरि भाले ४५० र पोथि ३५० के.जी. सम्म हुने गर्दछ (पशु सेवा विभाग २०७५), ।

## १.२. समस्याको कथन (Statement of the Problem)

न्युन आम्दानी भएका मानिसहरुका लागि बँगुरको मासु निकै सस्तो एनिमल प्रोटिनको रुपमा लिने गरिन्छ, त्यस्तै बँगुरपालन व्यवसाय तुलनात्मक रुपमा सजीलो र नाफायोग्य व्यवसाय हो । तैपनि यस व्यवसाय (फर्म) मा काम गर्ने कामदारहरु सजीलै उपलब्ध नहुनु, राम्रो नश्ल तथा गुणस्तरिय पाठापाठी सुलभ मूल्यमा उपलब्ध नहुनु, पछिल्लो समय विभिन्न रोग र परजीविहरु देखा पर्दै जानु, अझै पनि कतिपय मानिसहरुले बँगुरपालन, बँगुरपालन व्यवसायी तथा बँगुरको मासुलाई समेत हेयको दृष्टिले हेर्नु, बँगुरको लागि गुणस्तरिय दाना र विशेष गरि पाठापाठीहरुको लागि क्रिप र स्टार्टर फिड बजारमा

सजीलै उपलब्ध नहुनु तथा व्यवसायीहरुमा दाना बनाउने ज्ञानको पनि अभाव हुनु जस्ता समस्याहरु बँगुरपालन व्यवसायमा रहेका छन् । त्यति मात्र होइन बँगुरपालन व्यवसायीहरुको आलो मासु विक्रीमा मात्र ध्यान जानु, बँगुरको मासुबाट बन्ने विभिन्न परिकारहरु, वध गर्ने तरिका, मासुका विभिन्न भागहरु तथा कट्स सँग मासु व्यवसायी अनविज्ञ हुनु र जीउँदो बँगुर तथा बँगुरको प्रशोधीत र फ्रोजन मासु विक्री गर्ने मासु पसल र व्यवस्थित वधशालाको कमी हुदा विदेशबाट आयातित बट्टा र फ्रोजन मिटले देशको शहरी क्षेत्र ओगटेको छ, जसले नेपाली बँगुरको मासुको मुल्य शृङ्खलालाई तिव्र रुपमा वृद्धि हुन दिइरहेको छैन (पशु सेवा विभाग २०७५), ।

परम्परा देखि नै विशेष जाति तथा जनजातिहरुले मात्र गर्दै आइरहेको बँगुरपालन अझ सम्म पनि यसलाई पुर्ण रुपमा व्यवसाय सँग जोड्न सकिरहेका छैन । देशमा बँगुरको मासु उत्पादनको स्थितीलाई हेर्दा हरेक वर्ष बँगुरको मासुको लागि करोडौं रुपैयाँ देश बाहिर गइरहेको छ । पछिल्लो समय मानिसहरुको चेतना तथा खानपान शैलीमा आएको व्यापक परिवर्तनले बँगुरको मासु प्रतिको दृष्टिकोणमा परिवर्तन ल्याएको छ र बँगुरको मासुको उपभोगमा पनि वृद्धि भइरहेको छ, साथै बँगुरको उत्पादनमा पनि उल्लेख्य मात्रामा वृद्धि भइरहेको छ । तर यस्तो अवस्थामा पनि बँगुरको मासु उत्पादन र बजार माग बिच सन्तुलन हुन सकिरहेको छैन । पछिल्लो समयमा बँगुरपालन व्यवसाय प्रति धेरै व्यवसायीहरु आकर्षीत भएका छन्, तर पनि व्यवसायीहरु आफ्नो व्यवसायको उचित लागत लाभको विश्लेषण गरेर व्यवसाय संचालन गरेको पाइन्दैन । यस किसीमका समस्याहरु माथि यस अध्ययन केन्द्रित रहने छ ।

## १.३. अध्ययनको उद्देश्य (Objectives of the Study)

यस अध्ययनको साधारण उद्देश्य बँगुरपालन व्यवसायको अध्ययन गर्नु रहेको छ । भने यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्नअनुसार रहेका छन्

(क) बँगुरपालन व्यवसायको वर्तमान अवस्थाको विश्लेषण गर्नु,

(ख) बँगुरपालन व्यवसायको लागत पहिचान गर्नु,

(ग) बँगुरपालन व्यवसायको लाभ पहिचान गर्नु,

(घ) बँगुरपालन व्यवसायको लागत लाभ विश्लेषण गर्नु ।

## १.४. अनुसन्धान प्रश्न (Research Questions)

यस अध्ययनको लागि आवश्यक प्राथमिक तथ्याङ्क संकलन गर्न निम्न अनुसारका अनुसन्धानात्मक प्रश्नहरु तयार गरिएको छ ।

(क) बँगुरपालन व्यवसायको लागि आवश्यक आधारभुत पुर्वाधारहरु के के हुन ?

(ख) अध्ययन क्षेत्रमा कुन कुन जातका बँगुर कति सँख्यामा पालिएका छन् ?

(ग) उत्पादन गरिएको मासु तथा पाठापाठीको बजार माग र मुल्य कस्तो रहेको छ?

(घ) बँगुरपालन व्यवसायीहरुले वार्षिक लाभ कति प्राप्त गरिरहेका छन् ?

(ङ) बँगुरपालन व्यवसायका प्रमुख चुनौति र समस्याहरु के के हुन ?

## १.५. अध्ययनको महत्व (Significance of the Study)

नेपाल एउटा कृषि प्रधान मुलुक हुनुको कारणले पनि देशको कृषि र कृषि प्रणालिलाई व्यापक परिवर्तन र विकास नगरी देशको आर्थिक विकास हुने सम्भावना कम रहेको छ । कृषि क्षेत्र अन्तर्गत पर्ने बँगुरपालन व्यवसाय प्रति पछिल्लो समय मानिसहरुको दृष्टिकोणमा आएको सकारात्मक परिवर्तन र बढ्दो आकर्षणले बँगुरपालन व्यवसायमा थप वृद्धि भएको छ । यसले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको योगदानमा टेवा पुराउने निश्चित छ । तुलनात्मक रुपमा यो अन्य व्यवसाय भन्दा सजिलै संचालन गर्न सकिने र बढि नाफामुलक व्यवसाय पनि हो । किनकी यस व्यवसाय तुलनात्मक रुपमा सानो लगानिमा, थोरै जमिनमा, छोटो समय अवधिमा र थोरै कामदारहरुद्धारा संचालन गर्न सकिने कम जोखिमयुक्त व्यवसाय हो । त्यस्तै खेर गएको, उभ्रेको  खाद्य वस्तुहरुलाई र केहि मात्रामा घाँसलाई पनि यसको आहाराको रुपमा प्रयोग गरी पाल्न सकिने, अन्य पाल्तुहरु भन्दा छिटो बढ्ने र बंशवृद्धि पनि छोटो समयमा धेरै संख्यामा हुने हुदा यो नाफामुलक व्यवसाय हो । अन्य मासुहरुको तुलनामा यो सस्तो हुने र यसमा पर्याप्त मात्रामा प्रोटिन पाइने हुदा कमजोर आर्थिक स्थिति भएको मानिसहरुको लागि यसलाई एनिमल प्रोटिनको स्रोतको

रुपमा पनि लिइन्छ । त्यस्तै बँगुरपालन व्यवसायलाई व्यापक रुपमा विकास र विस्तार गरी बँगुरको मासुमा देशलाई आत्मा निर्भर बनाउदै देशमा विदेशी मुद्रा संचय गर्न सकिने अवस्था पनि छ । यसै सन्दर्भमा बँगुरपालन व्यवसायको वर्तमान अवस्थाको अध्ययन गरी त्यसको लागत लाभको समेत विश्लेषण गर्न यस अध्ययनको महत्व निम्न अनुसार रहेका छन् ।

(क) यस अध्ययनले बँगुरपालन व्यवसायको वर्तमान अवस्था सम्बन्धि जानकारी दिनेछ

(ख) यस अध्ययनले बँगुरपालन सँग सम्बन्धि नीति निर्माण नीति निर्माण कर्ताहरुलाई सहयोग गर्नेछ ।

(ग) यस अध्ययनले लागत लाभको समेत विश्लेषण गर्ने हुदा व्यवसायको लागत घटाउने, लाभ वृद्धि गर्ने तथा जोखिम न्युनिकरण गर्ने उपायहरु प्रदान गर्नुका साथै यस व्यवसाय गर्ने र गर्न चाहने व्यक्तीहरुलाई प्रोत्साहन गर्नेछ ।

(घ) यस अध्ययन बँगुरपालन व्यवसाय सँग प्रत्यक्ष सम्बन्ध राख्ने सरोकारवालाहरुको लागि अध्ययनको स्रोत/आधार बन्नेछ ।

(ङ) यस अध्ययन अर्थशास्त्र शिक्षा विभागमा एउटा थप शैक्षिक सामग्री बन्नेछ ।

### १.६. अध्ययनको परिसिमा (Delimitations of the Study)

अध्ययन, अनुसन्धान आफैमा जटिल अनि चुनौतिपुर्ण कार्य हो । यसका लागि पर्याप्त समय, साधन र स्रोतको आवश्यकता पर्दछ । अध्ययन अनुसन्धानलाई विशिष्ट बनाउनका लागि निश्चित अध्ययन क्षेत्रको छनौट गरिन्छ । तर अनुसन्धान कर्ता सँग सिमित समय, साधन र स्रोत हुने तथा अनुसन्धानलाई उपयोगी, प्रभावकारी, तथ्यपरक र यथार्थपरक बनाउनु पर्ने भएकाले उक्त अध्ययन क्षेत्र वा जनसंख्यालाई पनि निश्चित सिमा भित्र सिमितिकरण गर्नु पर्दछ । त्यसैले यस अध्ययनलाई निम्न कुरामा सिमित गरिएको छ ।

(क) यस अध्ययनलाई भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका वडा नम्बर १० मा सिमित गरिएको छ ।

(ख) यस अध्ययन सूर्यविनायक न.पा. वडा नं. १० मा संचालित ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्मको अध्ययनमा सिमित गरिएको छ ।

(ग) यस अध्ययन बँगुरपालन व्यवसाय सँग मात्र सम्बन्धित रहेको छ ।

(घ) यस अध्ययनमा आर्थिक वर्ष २०७६/७७ को तथ्याङ्कलाई मात्र प्राथमिक तथ्याङ्कको रुपमा  लिइएको छ ।

(ङ) यस अध्ययन बँगुरपालन व्यवसायको लागत, आम्दानि र लाभ सँग मात्र सम्बन्धित रहेको छ ।

(च) यस अध्ययनमा मौद्रिक एकाइहरुको मात्र अध्ययन विश्लेषण गरिएको छ ।

(छ) यस अध्ययनको अध्ययन क्षेत्र सानो र सिमित भएकाले यस बाट प्राप्त निष्कर्षलाई अन्य क्षेत्रमा सामान्यीकरण गर्न सकिने छैन ।

## परिच्छेद दुई (CHAPTER TWO)

## २. सम्बन्धित साहित्यको पुनरावलोकन र अवधारणात्मक ढाँचा (Review of the Related Literature and Conceptual Framework)

यस अध्यायमा अध्ययन शिर्षक तथा उद्देश्य सँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरु, जर्नलहरु, विभिन्न अनुसन्धानका प्रतिवेदनहरु, विभिन्न प्रकाशित तथा अप्रकाशित लेख-अभिलेखहरु आदिको पुनरावलोकन गरिएको छ । पुनरावलोकन गरिएका विभिन्न साहित्यहरुलाई विश्लेषणात्मक रुपमा यस अध्ययनमा प्रस्तुत गरिएको छ ।

### २.१. सैद्धान्तिक साहित्यको पुनरावलोकन (Review of the Theoritical Literature)

यस अनुसन्धानलाई पुर्णता दिन अध्ययन संग सम्बन्धित निम्न अनुसारको सैद्धान्तिक साहित्यहरुको पुनरावलोकन गरिएको छ ।

पशु सेवा विभाग (२०७२), का अनुसार नेपालका युवाहरुलाई विदेश पलायन हुनबाट रोक्दै स्वदेशमा नै पशुपालन तर्फ आकर्षण गराउने उद्देश्यले आ.व. २०७०/७१ देखि पशु सेवा विभाग, पशु उत्पादन निर्देशनालय, हरिहरभवन ललितपुरले युवा लक्षित पशु उत्पादन (व्यवसायिक गाइभैँसी पालन, बाखापालन, बँगुरपालन) तथा प्रवर्द्धन कार्यक्रम कार्यान्वयनमा ल्याएको थियो । यस कार्यक्रम अन्तर्गत आ.व. २०७०/७१ मा ४५४ जना युवाहरुलाई ४ करोड ८८ लाख ३० हजार रुपैयाँ अनुदान प्रदान गरेको थियो । उक्त कार्यक्रमको प्रभावकारीतालाई ध्यानमा राखेर फेरी आ.व. २०७१/७२ मा ७२४ जना युवा (४७२ जना गाइभैँसी व्यवसायी, १६० जना बाखा व्यवसायी र ९२ जना बँगुर व्यवसायी) व्यवसायीलाई अनुदान प्रदान गरिएको थियो । यस किसीमको अनुदानहरुले युवाहरुलाई स्वरोजगार बनाउदै व्यवसाय प्रति आकर्षण र प्रोत्साहन गर्न सहयोग पुराउदछ । त्यति मात्र नभएर दुग्धजन्य तथा मासुजन्य वस्तुहरुको उत्पादनमा व्यापक वृद्धि गरी आत्मनिर्भर अर्थतन्त्र तर्फ उन्मुख गराउन समेत महत्वपुर्ण भुमिका रहन्छ ।

पशु सेवा विभाग (२०७५), का अनुसार देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको निर्वाहमुखी कृषि क्षेत्र व्यवसायिक हुने क्रममा रहेको छ । हाम्रो देशमा रहेका अधिकांश व्यवसायिहरुले उत्पादन गरिरहेको उत्पादन र विक्री वितरणमा तुलनात्मक अध्ययन र

नाफामुलक व्यवसायलाई कार्यन्वयन गरेको पाइदैन । कृषि क्षेत्र आफैमा स्वतन्त्र नभई अन्य विभिन्न क्षेत्र र व्यवसायहरु सँग अन्तरसम्बन्धित क्षेत्र हो । कृषिमा संलग्न अधिकांस कृषकहरुले मिश्रीत खेति प्रणालिलाई अवलम्बन गरिरहेका छन् । मुख्यत : पशुपालन र त्यस सँग सम्बन्धित अन्य अन्नवालि, तरकारी तथा फलफुल खेति आदि यसको नमुना हो । यस किसिमको एकीकृत खेति प्रणालीले कृषि क्षेत्रमा रहेको अर्धवेरोजगारी, लुप्तवेरोजगारी तथा वेरोजगारीलाई रोजगारमा बदल्न भुमिका खेल्दछ । यस प्रणालीमा विभिन्न व्यवसायहरु एउटै फार्म अन्तर्गत संचालन गरिने हुदा एउटा व्यवसायमा नोक्सानि भएमा अन्य व्यवसायबाट त्यसको पुर्ति हुने तथा व्यवसायिक जोखिम न्युनिकरण हुने गर्दछ । बँगुरपालन व्यवसायलाई पनि यसरी नै एकीकृत कृषि प्रणालि अन्तर्गत अगाडि बढाउन सकिन्छ । यसरी एकीकृत रुपमा बँगुरपालन व्यवसायलाई अगाडि बढाउदा माछापालन, फलफुल तथा तरकारी खेति, कुखुरापालन (ब्रोइलर), आदि सँग एकीकृत गरेर अगाडि बढाउन सकिन्छ ।

कार्की (२०७१), को अनुसार बँगुर पालेको ठाँउमा, बथानमा संक्रामक रोगको प्रसार तथा एक ठाँउको बथानबाट अर्को ठाँउको बथानमा रोगको प्रसार न्युन गरी तथा बँगुरपालन व्यवसायमा रोग प्रदत्त जोखिमलाई न्युनिकरण गरी गरिने व्यवस्थापन नै बँगुरपालनको जैविक सुरक्षा हो । आफुले पालेको बँगुरको उपयुक्त जैविक सुरक्षा भनेको व्यवसायमा अपेक्षा गरिएको आम्दानि प्राप्त हुने सुनिश्चित गर्नु पनि हो । सामान्यतया : स्वाइन फिभर, इन्जोटिक निमोनिया, प्लुरो निमोनिया, पि.आर.आर.एस., खोरेत, प्रोसाइन रेसपाइरेटोरी डिजिज आदि रोगहरु बँगुरमा लाग्ने रोगहरु हुन । यस्ता रोगहरुले ठुलो संख्यामा बँगुरहरुको मृत्यु हुने, बचेका बँगुरहरुको पनि उपयुक्त शारीरिक वृद्धि नहुने र प्रजनन् क्षमता अत्यन्तै घट्ने हुन्छ । यसले बँगुरपालन व्यवसायीहरुको आम्दानिमा ठुलो नोक्सानि पुराउने गर्दछ । त्यस्तै यस्तो रोग लागेको देखेमा, फैलिन नदिन आपतकालिन उपचार र खोपको व्यवस्था गर्नु पर्दछ । यसले पनि व्यवसायीको लागत थप बढाउदछ । यस किसिमको रोगहरु बँगुरहरु एक आपसमा सम्पर्क हुदा, रोगी बँगुरको मासु वा मासुजन्य पदार्थ जथाभावि फाल्दा तथा फार्ममा काम गर्ने कामदारहरुले प्रयोग गर्ने सामग्रीहरु, खोरमा प्रयोग गरिने भाँडाकुडाहरु, औषधि उपकरण, सवारी साधनहरु, पानी, दाना, किरा फट्यांग्रा, उडुस, लामखुट्टे, किर्ना, झिँगा आदि बाट सर्ने गर्दछ ।

कार्की (२०७४), का अनुसार नेपालको समग्र कृषि प्रणालीमा पशुपालन धेरै हद सम्म अन्तरसम्बन्धीत रहेको छ । कृषकको कृषि प्रमुख पेशा भए पनि धेरैजसो किसानले आयआर्जन गर्ने एउटा वैकल्पीक स्रोतको रुपमा पशुपालन लाई लिने गरेको पाइन्छ । जस मध्य एउटा उत्तम विकल्पको रुपमा बँगुरपालन लाई लिने गरेको पाइन्छ । किन भने यी प्रजाति अन्य पशुहरुको तुलनामा हलक्क बढ्ने र फलप्रद क्षमताका हुने मानिन्छ । यिनिहरुलाई छिट्टै वंश सुधार गर्न सकिने तथा यसले छिटोछिटो बथानको संख्या बढाउदछ । जनसंख्यामा भइरहेको अप्रत्यासित वृद्धि र आर्थिक स्तर एवं जीवनस्तरको वृद्धि हुदै गर्दा मासु तथा मासुजन्य पदार्थको उत्पादन र विस्तार गर्न सकिने सम्भावना प्रसस्त रहेको छ । कृषि तथा पशुपालन क्षेत्रमा विज्ञान र प्रविधिमा सुधार एवम् परिमार्जन गर्न सकिने सम्भावना पनि असिमीत छ । उल्लेखित स्रोतहरुलाई भौगोलिक अवस्था र त्यस क्षेत्रको मानव संसाधनसँग भएको परम्परागत सिप तथा पेसालाई उपयुक्त प्रविधि सँग संयोजन गर्न मात्र सकियो भने पनि मासुजन्य प्रोटिनको माग सजीलै पुर्ति गर्न सक्दछौ । यद्यपी यसका थुप्रै समस्या र चुनौतिहरु रहेका छन । यसका मुख्य चुनौतिहरु निम्न अनुसार रहेका छन्

(क) उच्च उत्पादकत्वको लागि उन्नत अनुवांशिक विऊको अभाव हुनु

(ख) गुणस्तरिय तथा पोषणयुक्त दाना/आहाराको सहज उपलब्ध नहुनु

(ग) अत्याधिक वर्षा र ओसिलोका कारण विभिन्न रोगको संक्रमण हुनु, बेलैमा रोग पहिचान नहुनु, प्राज्ञीक तथा प्राविधिक ज्ञानको अभावका कारण रोग रोकथाम एवम् प्रभावकारी उपचार सेवा बँगुरपालक सम्म पुग्न नसक्नु

(घ) उन्नत जातका बँगुरका पाठापाठी उपलब्ध हुने स्रोत केन्द्रहरु पर्याप्त नहुनु

(ङ) व्यवस्थित वधशालाको अभाव हुनु ।

खनाल (२०७३), का अनुसार लागत लाभ विश्लेषण आर्थिक विश्लेषणको एउटा आधारभुत औजार हो, जसको आधारमा कुनै पनि परियोजना बाट प्राप्त हुने लागत र आम्दानि लाई तुलना गरेर उक्त परियोजनाको वाञ्छनियता सम्बन्धि निर्णय लिने काम गरिन्छ । कुनै पनि आर्थिक क्षेत्रमा लगानि गर्नु अगाडि नै त्यसको लागत लाभ विश्लेषण

गरिने भएकाले यो एउटा ex-ante निर्णय प्रक्रिया पनि हो । लागत लाभ दृष्टिकोण योजना निर्माणको एउटा अत्याधुनिक विधि भएकाले लागत लाभ दृष्टिकोणले कुनै पनि क्षेत्रमा गरिने लगानि र त्यसबाट प्राप्त हुने प्रतिफललाई बढि जोड दिन्छ । यसमा व्यक्ती वा परिवारले स्रोत लगानि गर्दा कुन क्षेत्रको लगानि बाट बढि प्रतिफल प्राप्त हुन्छ, त्यहि क्षेत्रमा लगानि गर्नु पर्दछ । यस लागत लाभ विश्लेषणको प्रयोग सर्वप्रथम जल सम्पदाबाट प्राप्त हुने खुद फाईदाको विश्लेषण गर्न संयुक्त राज्य अमेरीकामा सन् १९३० को दशकमा गरिएको थियो । यद्यपी हिजोआज यसको प्रयोग सामाजीक क्षेत्रमा पनि व्यापक प्रयोग हुदै आएको छ ।

दाहाल र पौडेल (२०६६), का अनुसार कुनै पनि वस्तु तथा सेवाको उत्पादन गर्दा लाग्ने सम्पुर्ण खर्च नै त्यस वस्तुको लागत हो । यस्ता लागतहरु लाई मौद्रिक लागत, वास्तविक लागत, अवसर लागत, अभिलेख लागत, आर्थिक लागत, वाह्य तथा आन्तरिक लागत गरि विभिन्न स्वरुपमा विभाजन गरिएका छन् । मुख्य गरी लागतका दुई वटा सिद्धान्तहरु (परम्परागत सिद्धान्त र आधुनिक सिद्धान्त) रहेका छन् । परम्परागत लागत सिद्धान्तलाई पनि अल्पकालीन लागत र दिर्घकालीन लागत गरी दुई भागमा बाँडिएको छ ।

(क) अल्पकालिन लागत

अल्पकाल भनेको त्यस्तो समयअवधी हो, जहाँ उत्पादनका केहि साधनहरुलाई मात्र परिवर्तन गर्न सम्भव हुन्छ । त्यसैले अल्पकालमा हुने स्थिर र परिवर्तनशिल साधनहरुमा गरिएको खर्च वा लागत नै अल्पकालिन लागत हो । यसलाई तिन भागमा विभाजन गरिएको छ ।

(१) कुल लागत (Total Cost-TC)

कुनै पनि वस्तु उत्पादन गर्दा लाग्ने सम्पुर्ण लागतलाई कुल लागत भनिन्छ । अथवा अल्पकालमा स्थिर तथा परिवर्तनशिल साधनहरु माथि गरिएको खर्चहरुको जोड नै कुल लागत हो । संक्षेपमा :कुल लागत (TC) = TFC+TVC

(२) कुल स्थिर लागत (Total Fixed Cost-TFC)

कुनै पनि वस्तु उत्पादन गर्दा प्रयोग भएका स्थिर साधनमा गरिएको खर्चहरुको जोडलाई कुल स्थिर लागत भनिन्छ । जस्तै : भवन, जग्गा आदिलाई स्थिर साधन मानिन्छ र यीनिहरुमा गरिएको खर्चलाई कुल स्थिर लागत भनिन्छ ।

(३) कुल परिवर्तनशिल लागत (Total Variable Cost-TVC)

अल्पकालमा परिवर्तनशिल साधनहरु माथि गरिएको खर्चहरुको जोड नै कुल परिवर्तनशिल लागत हो । उत्पादन शुन्य हुदा यो लागत पनि शुन्य नै हुन्छ भने उत्पादन बढाउदै जादा कुल परिवर्तनशिल लागत पनि बढ्दै जान्छ ।

पाण्डे (२०७४), का अनुसार नेपालमा पशु तथा पशुजन्य पदार्थको माग बढिरहेको अवस्थामा खाद्य सुरक्षा तथा पौष्टीक आहाराको सुनिश्चीतताको लागी एकिकृत रुपमा पशुपालन गर्न आवश्यक छ । पाल्तु पशुहरु मध्ये मासु उत्पादनको लागी बँगुरपालन व्यवसाय लाभमुलक व्यवसाय हो । यस व्यवसायको तुलनामा बढि मुनाफाको प्रतिफल दिन्छ । उदाहरणको लागि दुग्ध व्यवसायबाट लगानिको १० प्रतिशत, कुखुरा व्यवसायबाट ३० प्रतिशत, खसिबाखाबाट २५ प्रतिशत लाभ हुने गरेको छ भने बँगुर व्यवसायबाट लगानिको ६० प्रतिशत सम्म लाभ हुने गरेको पाइन्छ । बँगुरपालन व्यवसायका फाइदाहरु निम्नअनुसार छन्

(१) अन्य पशुको दाँजोमा बँगुरहरुमा कमसल खालका आहारा खाएर पनि त्यसलाई मासुमा परिणत गर्ने क्षमता हुन्छ ।

(२) बँगुरमा प्रजनन क्षमता बढि (१ वर्षमा २ पटक सम्म जन्माउदछ, एक पटकमा १०–१२ वटा सम्म बच्चा जन्माउदछ) हुन्छ ।

(३) बँगुरपालन व्यवसाय सानो ठाँउमा, थोरै लगानिमा तथा छोटो समयमा गर्न सकिन्छ ।

(४) अन्य पशुहरुको दाँजोमा बँगुरमा खानयोग्य मासुको प्रतिशत बढि (६०–८० प्रतिशत) हुन्छ ।

(५) बँगुरको मासुमा थायमिन, पनयासिन तथा रबोफ्लाविन जस्ता भिटामिनहरु पाइन्छ ।

(६) बँगुरको विष्टा कृषी बालीमा राम्रो मल तथा माछाको लागि राम्रो आहारा मानिन्छ ।

(७) बँगुरको बोसो (फ्याट) कुखुराको दाना, साबुन उद्योग, रङ्गरोगन उद्योगमा उपयोगी हुनुका साथै रौँबाट ब्रस आदि बनाइन्छ ।

(८) बँगुरपालनलाई एकीकृत रुपमा मत्स्य पालन, हाँस पालन तथा तरकारी खेतिसँग आवद्ध गर्दा बढि लाभदायक हुन्छ ।

## २.२. अनुसन्धानात्मक साहित्यको पुनरावलोकन (Review of Research Literature)

दाहाल (२०७२), बाट रुद्राक्ष खेतिले स्थानिय किसानहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा शोधपत्र तयार पारेको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरु रुद्राक्ष खेतिमा संलग्न कृषकहरुको जनसांखिकी र आर्थिक अवस्थाको अध्ययन गर्नु, रुद्राक्ष खेतिको व्यवसायीक विवरण उल्लेख गर्नु, रुद्राक्ष खेतिमा संलग्न परिवारको शैक्षिक अवस्था पत्ता लगाउनु तथा रुद्राक्ष खेतिमा रहेका समस्या समाधानका उपायहरु पत्ता लगाउनु रहेका छन् । यस अध्ययनमा संखुवासभा जिल्ला चैनपुर नगरपालिका वडा नम्बर १७, १८ र १९ का क्रमश : १४०, १२५ र ९५ गरि जम्मा ३६० घर परिवारलाई जनसंख्याको रुपमा लिइएको छ । उक्त जनसंख्या बाट सामान्य सम्भावनायुक्त नमुना छनौट विधि अन्तर्गत चिठ्ठा प्रणालि बाट १०० घर परिवारलाई नमुनाको रुपमा छनौट गरिएको छ । अध्ययनका लागि आवश्यक तथ्यांकहरु प्राथमिक तथा द्धितिय स्रोत बाट संकलन गरिएको छ ।

यस अध्ययनमा २०७१ सालमा रुद्राक्ष खेति बाट रु. २,००,००० सम्म आम्दानि प्राप्त गर्ने ३० घर परिवार, रु. २,००,००० देखि रु. ४,००,००० सम्म प्राप्त गर्ने ३५ घर परिवार, रु. ४,००,००० देखि रु. ६,००,००० सम्म प्राप्त गर्ने २० घर परिवार र रु. ६,००,००० भन्दा बढि आम्दानि प्राप्त गर्ने १५ घर परिवार रहेको पाइन्छ । त्यस्तै रु. ५०,००० सम्म वार्षिक खर्च गर्ने २० घर, रु. ५०,००० दखि रु. १,००,००० सम्म खर्च गर्ने

४० घर, रु. १,००,००० देखि रु. १,५०,००० सम्म खर्च गर्ने २५ घर र रु. १,५०,००० भन्दा माथि खर्च गर्ने १५ घर परिवार रहेको छ । रुद्राक्ष खेतिमा संलग्न किसानहरु ९५ प्रतिशत साक्षर र ५ प्रतिशत रहेको छ । त्यस्तै रुद्राक्ष खेतिमा संलग्न किसानहरुको बालबालिकाहरु ३३ प्रतिशत सरकारी विद्यालयमा र ६७ प्रतिशत निजी विद्यालयमा अध्ययन गर्ने गरेको पाइन्छ । रुद्राक्ष खेतिले किसानहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव पारेको छ ।

अर्याल (२०७३), ले कुखुरा पालन व्यवसायको लागत लाभ विश्लेषण र यसले शिक्षा क्षेत्रमा पारेको प्रभाव, शिर्षकमा शेधपत्र तयार पारेको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरु कुखुरापालन व्यवसायको वर्तमान अवस्थाको पहिचान गर्नु, कुखुरापालन व्यवसायको लागत लाभ विश्लेषण गर्नु तथा यसले शिक्षामा पारेको प्रभावको विश्लेषण गर्नु रहेको छ । अनुसन्धानको लागि आश्यक तथ्यांकहरु प्राथमिक स्रोत बाट संकलन गरिएको छ भने प्राथमिक स्रोत बाट प्राप्त हुन नसकेको तथ्यांकहरु द्धितिय स्रोत बाट संकलन गरिएको छ । यस अध्ययनमा काठमाण्डौ जिल्ला कीर्तिपुर नगरपालिका वडा नम्बर ७ मा रहेको ९ वटा कुखुरा फर्महरुलाई जनसंख्याका मानिएको छ भने उक्त ९ वटा कुखुरा फर्महरु मध्ये १ वटा कुखुरा फर्मलाई उद्देश्यमुलक नमुना छनौट विधिद्धारा नमुना छनौट गरिएको छ ।

वार्षीक १४ प्रतिशत व्याज तिर्ने गरि रु. ५,००,००० ऋण लिएर वि.सं. २०७० साल बाट संचालन गरिएको उक्त फर्मको २०७१ सालको स्थिर लागत रु. ३,६०,००० र परिवर्तनशिल लागत रु. ३४,७७,१०० गरि जम्मा कुल लागत रु. ३८,३६,१०० रहेको छ । त्यस्तै २०७१ सालको कुल आम्दानि रु. ४८,९७,७५० रहेको छ भने नाफा रु. १०,६०,६५० रहेको छ । लगानि गरिएको पुँजीको सिमान्त क्षमता २७.६४ प्रतिशत रहेको छ, जुन व्यवसायीले फर्म संचालन गर्न ऋण लिए बापत तिर्ने १४ प्रतिशत व्याज भन्दा १३.६४ प्रतिशतले बढि हो । त्यस्तै फर्मको २०७२ सालको स्थिर लागत रु. ३,७०,००० र सोहि सालको परिवर्तनशिल लागत रु. ३५,७४,००० गरि जम्मा कुल लागत रु. ३९,४४,००० रहेको छ । त्यस्तै २०७२ सालको उक्त फर्मको कुल आम्दानि रु. ५३,९९,२५० रहेको छ भने नाफा रु. १४,५५,२५० रहेको छ । २०७२ सालमा लगानि गरिएको पुँजीको सिमान्त क्षमता ३६.८९८ प्रतिशत रहेको छ , यो प्रतिशत व्यवसायीले वार्षीक तिर्ने १४ प्रतिशत व्याज भन्दा २२.८९८ प्रतिशतले बढि हो । कुखुरा व्यवसायीले आफ्नो आम्दानिको ६.४८ प्रतिशत

र कामदारले आफ्नो आम्दानिको १७.३७ प्रतिशत रकम शिक्षा क्षेत्रमा लगानि गरेको पाइन्छ । व्यवसायीको आम्दानिमा १० प्रतिशतले वृद्धि हुदा शैक्षिक क्षेत्रको लगानिमा २.४ प्रतिशतले र कामदारको आम्दानिमा ९.०९ प्रतिशतले वृद्धि हुदा शैक्षिक क्षेत्रको लगानिमा ४.१२ प्रतिशतले वृद्धि भएको पाइन्छ । कुखुरापालन व्यवसायले व्यवसायी र कामदारको आर्थिक सुधार भएको छ र यसले शैक्षिक क्षेत्रमा सकारात्मक प्रभाव परेको छ ।

शाहि (२०७३), ले दुग्ध सहकारी संस्थाले किसानहरुको पारिवारीक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा शोधपत्र तयार पारेको छ । यस अध्ययनका विशिष्ट उद्देश्यहरु दुग्ध व्यवसायले कृषकहरुको आर्थिक अवस्थामा पारेको प्रभावको विश्लेषण गर्नु र दुग्ध व्यवसायले कृषकहरुको बालबालिकाको शैक्षिक क्षेत्रमा प्रभावको पहिचान गर्नु रहेको छ । नवलपरासी जिल्ला रामनगर गा.वि.स. मा दुग्ध व्यवसायमा संलग्न ३२० सेयर सदस्य घर परिवार मध्ये १०० घर परिवारलाई उद्देश्यमुलक नमुना छनौट विधि बाट यस अध्ययनमा जनसंख्याको छनौट गरिएको छ, भने उक्त १०० सेयर सदस्य घर परिवारलाई नै संगणना नमुना छनौट विधि बाट नमुना छनौट गरिएको छ । अध्ययनमा कृषकहरुको कुल आम्दानिको सबै भन्दा बढि ४४.९४ प्रतिशत अंश दुध विक्रीबाट प्राप्त भएको छ । दुग्ध व्यवसाय बाट कृषकहरुको तहगत आम्दानि रु. ५०,००० सम्म प्राप्त गर्ने १० घर, रु.५०,००० देखि १,००,००० सम्म प्राप्त गर्ने १९ घर, १,००,००० देखि रु. १,५०,००० सम्म प्राप्त गर्ने ३२ घर, रु. १,५०,००० देखि रु.२,००,००० सम्म प्राप्त गर्ने २१ घर र रु. २,००,००० भन्दा माथि आम्दानि प्राप्त गर्ने १८ घर परिवार रहेको छ । दुग्ध व्यवसायमा संलग्न कृषकहरु मध्ये ९५ प्रतिशत साक्षर र बाँकि ५ प्रतिशत किसानहरु निरक्षर रहेका छन् । विद्यालय जाने कुल बालबालिकाहरु मध्य ३५ प्रतिशत सरकारी र ६५ प्रतिशत बालबालिकाहरु निजी विद्यालय जाने गरेको पाइन्छ । कृषकहरुले प्राप्त गरेको आम्दानिको औषत २३.८ प्रतिशत रकम शिक्षा क्षेत्रमा लगानि गरिएको पाइन्छ । दुग्ध व्यवसायले कृषकहरुको आर्थिक अवस्थामा सुधार आएको पाइन्छ, यसले बालबालिकाको शैक्षिक क्षेत्रमा पनि सकारात्मक प्रभाव पारेको छ ।

तिम्सीना (२०७३), द्वारा च्याउ फर्मको लागत लाभ विश्लेषण र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभाव शिर्षकमा शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनको विशिष्ट उद्देश्यहरु च्याउ खेतिको लागत पहिचान गर्नु, च्याउ खेति बाट प्राप्त हुने लाभ पहिचान

गर्नु, च्याउ खेतिको लागत लाभ विश्लेषण गर्नु र च्याउ खेति बाट प्राप्त हुने आम्दानिको शैक्षिक लगानिमा हुने अंश अनुमान गर्नु रहेको छ । कीर्तिपुर नगरपालिका वडा नम्बर ७ मा रहेको १० वटा च्याउ फर्महरु मध्ये १ वटा फर्मलाई उद्देश्यमुलक नमुना छनौट विधिद्वारा नमुनाको रुपमा छनौट गरिएको छ । अध्ययनका लागि आवश्यक तथ्यांकहरु प्राथमिक र द्वितिय स्रोतहरु बाट संकलन गरिएको छ । वि.सं. २०७० साल बाट संचालन गरिएको उक्त च्याउ फर्मको २०७२ सालको स्थिर लागत रु. १६,१८,००० र परिवर्तनशिल लागत रु. २७,५१,००० गरी जम्मा लागत रु. ४३,६९,००० रहेको छ । सोहि सालको च्याउ बिक्री बाट प्राप्त कुल आय रु. ६०,४८,००० रहेको छ भने प्राप्त नाफा रु. १६,७९,००० रहेको छ । च्याउ फर्ममा कृषकले लगानिको गरेको पुँजीको सिमान्त क्षमता ३८.४२९ प्रतिशत रहेको छ, जुन कृषकले तिर्ने ऋणको १४ प्रतिशत व्याज भन्दा २४.४२९ प्रतिशतले बढि छ । कृषकले आफ्नो आम्दानिको ६.६१ प्रतिशत रकम शिक्षा क्षेत्रमा लगानि गरेको र फर्ममा काम गर्ने कामदारले आफ्नो आम्दानिको ३४.७२ प्रतिशत रकम शिक्षामा लगानि गरिएको छ । च्याउ फर्ममा गरेको लगानिबाट उच्च प्रतिफल प्राप्त भई व्यवसायी तथा कामदार दुवैको परिवारमा आर्थिक तथा शैक्षिक अवस्था उठाउन सहयोग पुगेको निष्कर्ष छ ।

निरौला (२०७१), ले कुखुरापालन व्यवसायको लगानि, आय र नाफानोक्सान शिर्षकमा ववियाविर्ता गा.वि.स. मोरङ्ग लाई अध्ययन क्षेत्र बनाई तयार गरेको शोध पत्रमा २०.६९ प्रतिशत व्यवसायीहरु तालिम लिएर व्यवसाय संचालन गरेको र बाँकी ६९.३१ प्रतिशत व्यवसायी कुखुरापालन सम्बन्धि तालिम नलिई व्यवसाय संचालन गरेको छ । अध्ययनमा २००-४०० संख्यामा कुखुरा लगाउदा कुल स्थिर लागत रु.१,८०० र कुल परिवर्तनशिल लागत रु.९८,७८५ गरी कुल लागत रु.१,००,५८५ देखिन्छ । भने यस बाट कुल आम्दानि रु.१,२०,९४५ र कुल नाफा रु.२०,३६० प्राप्त भएको छ । त्यस्तै ४०१-६०० को संख्यामा कुखुरा लगाउदा कुल स्थिर लागत रु.२,२३० र कुल परिवर्तनशिल लागत रु.१,९७,९३० गरी जम्मा कुल लागत रु.२,००,१६० रहेको छ । भने कुल आम्दानि रु.२,३३,१४६ र कुल नाफा रु.३२,९८६ प्राप्त भएको छ । त्यसै गरी ६०१-१००० को संख्यामा कुखुरा लगाउदा कुल स्थिर लागत रु.२,९६५ र कुल परिवर्तनशिल लागत रु.३,१३,०१६ गरी जम्मा कुल लागत रु.३,१५,९८१ रहेको छ । भने त्यस बाट कुल आम्दानि रु.३,६१,६७९ र कुल नाफा रु.४५,६९७ प्राप्त भएको छ ।

ज्ञवालि (२०७४), द्वारा कृषि विकासले किसानको पारिवारीक, आर्थिक क्षेत्रमा पारेको प्रभाव, शिर्षकमा शोधपत्र तयार पारिएको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरु कृषि विकासको अवस्था पहिचान गर्नु, कृषि विकासले किसानहरुको पारिवारीक आर्थिक क्षेत्रमा पारेको प्रभाव विश्लेषण गर्नु र कृपि विकासका समस्याहरु पत्ता लगाई सुझावहरु प्रस्तुत गर्नु रहेको छ । यस अध्ययनको लागि प्राथमिक र द्वितीय तथ्यांकको स्रोतहरु प्रयोग गरिएको छ । जस मध्ये प्रमुख स्रोतको रुपमा प्राथमिक स्रोत र आवश्यकता अनुसार द्वितिय स्रोतको पनि प्रयोग गरिएको छ । गुल्मी जिल्ला गौडाकोट गा.वि.स. मा रहेको ६५० घरपरिवारलाई यस अध्ययनमा जनसंख्या मानिएको छ । भने उक्त जनसंख्या मध्ये २० प्रतिशत अथवा १३० घरपरिवारलाई सामान्य सम्भावनायुक्त नमुना छनौट विधि अन्तरगत चिठ्ठा गराई नमुना छनौट गरिएको छ । यस अध्ययनमा नमुनाको रुपमा छनौट गरिएको १३० घरधुरी मध्ये ७४ घरधुरीको प्रमुख पेशा कृषि रहेको छ । अध्ययनमा कृषिलाई खाद्यन्नवाली उत्पादन, नगदेवाली उत्पादन र पशुपंक्षी पालन गरि विभाजन गरिएको छ । खाद्यन्नवाली अन्तरगत मकै, गहुँ, धान, कोदो, जौ आदि हुन् । खाद्यन्नवाली उत्पादनका लागि २०७३ सालमा रु. ९,५३,००० लागत लागेको छ । त्यस्तै सोहि साल खाद्यन्नवाली उत्पादन बाट रु. १९,९०,४०० आम्दानि प्राप्त भएको छ भने रु. १०,३७,४०० नाफा प्राप्त भएको छ । नगदेवाली अन्तरगत सुन्तला, अदुवा, गोलभेडा, आलु, सिमि आदि हुन् । नगदेवाली उत्पादनका लागि २०७३ सालमा रु.९२,००० लागत लागेको छ । त्यस्तै सोहि साल नगदेवाली बाट रु. ५,३९,१५० आम्दानि प्राप्त भएको छ भने रु. ४,४७,१५० नाफा भएको छ । अध्ययनमा पशुपंक्षीपालनका लागि वार्षिक औषत लागत रु. ६२,८७,००० लागेको छ । त्यस्तै वार्षिक रु. १,३८,३३,००० आम्दानि प्राप्त भएको छ भने रु.७५,५५,००० नाफा भएको छ । कृषि विकासले कृषकहरुको पारिवारिक, आर्थिक अवस्थामा सकारात्मक प्रभाव पारेको पाइन्छ । सिँचाइको अभाव, चरण क्षेत्रको अभाव, यातायातको समस्या, गोदाम व्यवस्थापनको अभाव, बजारको समस्या, मध्यस्थकर्ताको बोलवाला जस्ता समस्याहरु कृषि क्षेत्रमा रहेको छ । भने त्यसका लागि सरकारले वाली विमा, उन्नत विऊ, मल, औषधि, तालिम, सर्वसुलभ ऋण उपलब्ध गराएर कृषकहरुलाई प्रोत्साहित गर्नु पर्ने सुझाव रहेको छ ।

उपाध्याय (२०७६), बाट उखु खेतीको लागतलाभ विश्लेषण, शिर्षकमा शोधपत्र तयार पारिएको छ । यस अनुसन्धानको विशिष्ट उद्देश्यहरु उखु खेतीको वर्तमान अवस्थाको

व्याख्या गर्नु, उखु खेतिको लागत विश्लेषण गर्नु, उखु खेतीको लाभ अनुमान गर्नु, उखु खेतीमा आएका समस्याहरु पत्ता लगाउनु रहेका छन् । कैलाली जिल्लाको लम्किचुहा नगरपालिका भित्र रहेको १८ वटा उखु फर्महरु मध्ये वडा नम्बर ६ मा रहेको २ वटा उखु फर्मलाई उद्देश्यमुलक नमुना छनौट विधिबाट नमुना छनौट गरिएको छ । यसै २ वटा फर्मलाई अध्ययनमा जनसंख्या मानिएको छ । भने उक्त २ वटा फर्मलाई नै सामान्य सम्भावनायुक्त नमुना छनौट विधि अन्तर्गत चिट्ठा हालेर नमुना छनौट गरिएको छ । वार्षिक १२ प्रतिशत व्याज तिर्ने गरी ऋण लिएर संचालन गरिएको यस फर्मको २०७३ देखि २०७५ साल सम्मको परिवर्तनशिल लागत रु. ५४,६९,७०९ र स्थिर लागत रु. २८,१४,५२६ गरी जम्मा कुल लागत रु. ८२,८४,२३५ रहेको छ । त्यस्तै सोहि अवधीको आम्दानि रु. १,४४,४०,००० रहेको छ भने रु. ६१,५६,७६५ लाभ प्राप्त भएको छ । लगानि गरिएको पुँजीको सिमान्त क्षमता ७४.३०७ प्रतिशत रहेको छ । उक्त प्रतिशत कृषकले तिर्ने ३ वर्षको ३६ प्रतिशत व्याज भन्दा ३८.३०७ प्रतिशतले बढि हो । तालिमको अभाव, सुलभ ऋणको समस्या, रोगको समस्या, बजारको समस्या, अस्थिर मुल्य जस्ता समस्याहरु देखाइएको छ ।

## २.३. साहित्य पुनरावलोकनको उपदेयिता (Implication of the Review for the Study)

नेपाल एउटा कृषि प्रधान मुलुक हो, र यहाँ धेरै भन्दा धेरै कृषि क्षेत्रको विकास र विस्तारको सम्भावना छ । किनकी नेपालमा प्रसस्त मात्रमा रहेको कृषिका लागि अधिक उपयुक्त उर्वर जमिन र अधिकांस नेपाली कृषि क्षेत्रमा नै अझै पनि आश्रीत रहनुले नेपाल एउटा कृषि प्रधान मुलुक हो भन्ने देखाउदछ । भने नेपालमा रहेको हिमाल, पहाड र तराई यी तिन वटा भौगोलिक विविधता साथै यहाँ रहेको फरक फरक मौसम र हावापानिले कृषि क्षेत्रको विकासको सम्भावना लाई देखाउदछ ।

विभिन्न सम्बन्धित साहित्यको पुनरावलोकनले नेपाल एउटा कृषि प्रधान मुलुक भए पनि यहाँ कृषि क्षेत्र भने भर्खर मात्र व्यवसायीकरण र आधुनिकीकरण हुदै गरेको देखाउदछ । त्यस्तै कृषि क्षेत्र अन्तर्गत पर्ने पशुपालन र पशुपालन अन्तर्गतको बँगुरपालन पनि व्यवसायीकरणको सुरुवाति अवस्थामा रहेको छ । यस व्यवसायलाई व्यवसायीकरण तथा आधुनिकीकरण गर्दै कृषकहरुको आम्दानिको ठुलो र भरपर्दो स्रोत बनाउन र बँगुरको मासुमा देशलाई आत्मनिर्भर बनाई देशको कृषि क्षेत्रलाई मजबुद बनाउने प्रसस्त सम्भावनाहरु छन भने त्यसका धेरै चुनौतिहरु पनि रहेको कुरा सम्बन्धित साहित्यहरुमा

पाइयो । यसले नेपालमा बँगुरपालन व्यवसायको वर्तमान अवस्थाको पहिचान गर्न सहयोग पुराएको छ ।

बँगुरपालन र बँगुरको मासु प्रति मानिसहरुको बदलिदो सकारात्मक दृष्टिकोणले बँगुरको मासुको उपभोग र मागमा तिव्र वृद्धि भईरहेको छ । त्यस्तै सरकारी निकायहरुबाट पनि बँगुरपालन व्यवसायलाई ध्यानमा राखेर विभिन्न अनुदान, सहयोग र प्रचारमुलक कार्यक्रहरु ल्याएका छन । यसले कृषक तथा व्यवसायीहरु पनि उत्साहित भई बँगुरपालन व्यवसाय प्रति आकर्षित भएका छन भने बँगुरपालन र बँगुरको मासु उत्पादन हरेक वर्ष उल्लेख्य मात्रमा वृद्धि भइरहेको छ । यसले नेपालमा बँगुरपालन व्यवसायको सम्भावनालाई इङ्गीत गर्दछ ।


त्यस्तै कृषि तथा पशुपालन व्यवसाय सम्बन्धि गरिएको विभिन्न अनसन्धानले लागत लाभको अध्ययन र विश्लेषण गरेको छ, जसले कृषि तथा पशुपालन क्षेत्रमा गरिएको लगानिको उचित प्रतिफल प्राप्त भएको देखाएको छ । यी सम्पुर्ण सम्बन्धित साहित्यको पुनरावलोकनले यस अध्ययनलाई सत्य, प्रभावकारी र कम त्रुटिपुर्ण बनाउन सहयोग गर्नुका साथै बँगुरपालन व्यवसायको अध्ययन गर्न थप प्रोत्साहन प्रदान गरेको छ ।

## २.४. अनुसन्धान अन्तर (Research Gap)

नेपाल एक कृषि प्रधान देश भए पनि कृषिको विस्तृत रुपमा आधुनिकीकरण हुन सकेको छैन । अहिले पनि कृषि क्षेत्रमा गुणस्तरिय मल, विऊ तथा आधुनिक प्रविधिको प्रयोग नगन्य मात्रामा रहेको छ । यद्यपी कृषि अन्तर्गतका विभिन्न व्यवसायीक पशुपन्छिपालन तथा व्यवसायीक कृषि फर्महरुको संचालन र विस्तार हुदै गइरहेको छ । भने यस अध्ययन सँग सम्बन्धित साहित्यहरुको पुनरावलोकन गर्दा कृषि सँग सम्बन्धित विभिन्न च्याउ खेति, रुद्राक्ष खेति, अलैचि खेति, कुखुरापालन आदिको अध्ययन गरेको पाइयो । तर कृषि तथा पशुपालन व्यवसायमा निकै महत्व राख्ने बँगुरपालन व्यवसायको खोज-अध्ययन नभएको पाइयो । यसले बँगुरपालन व्यवसायको पनि खोज-अध्ययन गर्नु पर्छ भन्ने आवश्यकताको महशुस भयो । त्यसैले यस अध्ययनमा बँगुरपालन व्यवसायको वर्तमान अवस्थाको पहिचान तथा त्यसको लागत लाभको विश्लेषण गरिने छ ।


## २.५. अवधारणात्मक संरचना (Conceptual Framework)

यस अध्ययनको अवधाणात्मक संरचना यस प्रकार रहेको छ ।



## २.६. कार्यात्मक संरचना (Functional Framework)

यस अध्ययनसँग संबन्धित कार्यात्मक ढाँचालाई निम्नअनुसार प्रस्तुत गरिएको छ



# परिच्छेद तिन (CHAPTER THREE)

## ३. अनुसन्धान विधि र प्रक्रिया (Methods and Procedure of the Study)

अध्ययनलाई प्रभावकारी रुपमा सम्पादन गर्न सान्दर्भिक अनुसन्धान विधि र प्रक्रियाको छनौट गर्नु पर्दछ । त्यसैले यस अध्यायमा अनुसन्धान विधि र प्रक्रीया अन्तर्गत अनुसन्धानको ढाँचा, तथ्याङ्को स्रोत, जनसंख्या, नमुनाको आकार र नमुना छनौटको रणनीति, अध्ययनको क्षेत्र, तथ्याङ्क संकलनको साधन र प्रक्रिया, तथ्याङ्क विश्लेषण र नीतिगत प्रावधान जस्ता शिर्षकहरुलाई समावेश गरिएको छ ।

### ३.१. अनुसन्धान ढाँचा (Research Design)

यस अध्ययन वर्णनात्मक तथा विश्लेषणात्मक ढाँचामा गरिएको छ । जस अन्तर्गत परिमाणात्मक र गुणात्मक (मिश्रीत) विधिबाट तथ्याङ्क संकलन गरिएको छ । यस अनुसन्धानमा अन्तरवार्ता, छलफल र प्रत्यक्ष अवलोकनको माध्यमबाट प्राथमिक तथ्याङ्को संकलन गरी व्याख्या तथा विश्लेषण गरिएको छ भने अध्ययनको उद्देश्य पुरा गर्नको लागि द्धितिय तथ्याङ्कहरुको पनि प्रयोग गरिएको छ । प्राप्त तथ्याङ्कहरु मध्ये मात्रात्मक तथ्याङ्कहरुलाई तालिका, स्तम्भ चित्र तथा वृत्त चित्र द्धारा प्रस्तुत गरिएको छ र गुणात्मक तथ्याङ्कहरुलाई शाब्दिक रुपमा व्याख्या र विश्लेषण गरिएको छ ।

### ३.२. तथ्याङ्को स्रोत (Sources of Data)

यस अध्ययनमा प्रमुख स्रोतको रुपमा प्राथमिक स्रोतलाई प्रयोग गरिएको छ भने आवश्यकता अनुसार द्धितिय स्रोतको पनि प्रयोग गरिएको छ । उक्त तथ्याङ्को स्रोतलाई निम्न अनुसार उल्लेख गरिएको छ ।

#### ३.२.१. प्रथमिक स्रोत (Primary Source)

यस अध्ययन भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका वडा नम्बर १० मा संचालित ग्रीनरी एग्रो इन्टोग्रेटेड प्रा.लि. र सिमखोला बँगुर फर्मको मुख्य संचालक र कामदारहरु नै प्राथमिक तथ्याङ्को स्रोतको रुपमा लिइएको छ ।

### ३.२.२. द्वितिय स्रोत (Secondary Source)

अनुसन्धानलाई प्रभावकारी बनाउन तथा पुर्णता दिनको लागि द्वितिय तथ्याङ्कको स्रोतहरुको रुपमा अर्थमन्त्रालय, राष्ट्रिय योजना आयोग, कृषि विभाग, पशु सेवा विभाग, जील्ला समन्वय समिति तथा नगरपालिका द्वारा प्रकाशित विभिन्न लेख रचनाहरु र पत्रपत्रिका र अनलाइनमा प्रकाशित तथा विभिन्न व्यक्तीहरु द्वारा तयार गरिएको अप्रकाशित शोध पत्र आदी लाई लिइएको छ ।

## ३.३. जनसंख्या, नमुना आकार र नमुना छनौट रणनीति (Population, Sample Size and Sampling Strategy)

यस अध्ययनको जनसंख्या र जनसंख्या बाट छनौट गरिएको नमुना आकार तथा नमुना छनौट रणनीति यस प्रकार उल्लेख गरिएको छ ।

### ३.३.१. जनसंख्या (Population)

अध्ययन क्षेत्र भ्रमणको क्रममा बँगुर व्यवसायीहरुले दिएको जानकारी अनुसार भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडा नं. १० मा ४ वटा बँगुर फर्महरु रहेका छन् । उक्त ४ वटा बँगुर फर्महरुलाई यस अध्ययनमा अध्ययनको जनसंख्या मानिएको छ ।

### ३.३.२. नमुना आकार (Sample Size)

यस अध्ययनमा भक्तपुर जिल्ला सूर्यविनायक नगरपालिका वडानं. १० मा रहेका ४ वटा बँगुर फर्महरु मध्ये ५० प्रतिशत (२ वटा) फर्मलाई अध्ययनको नमूना आकारको रुपमा लिइएको छ ।

### ३.३.३. नमुना छनौट रणनीति (Sampling Strategy)

साधन, स्रोत र समयको सिमितताको कारण सम्पुर्ण जनसंख्यालाई अध्ययन गर्न नसकिने भएका कारण सम्पूर्ण जनसंख्याको प्रतिनिधित्व हुने गरी नमूना छनोट गरिएको छ । जसलाई यस प्रकार उल्लेख गरिएको छ ।

(क) यस अध्ययनमा सामान्य सम्भावनायुक्त नमुना छनौट विधिद्वारा नमुना छनौट गरिएको छ ।

(ख) सामान्य सम्भावनायुक्त नमुना छनौट विधि अन्तर्गत चिट्ठा विधि (lottery method) द्वारा नमुना छनौट गरियो, जस बाट छनौट भएको ग्रीनरी एग्रो इन्टोग्रेटेड प्रा.लि. र सिमखोला बँगुर फर्मलाई नमुनाको रुपमा लिइएको छ ।

### ३.४. अध्ययन क्षेत्रको परिचय (Introduction of Study Area)

नेपालको बागमति प्रदेश अन्तर्गत भक्तपुर जिल्लाको सूर्यविनायक नगरपालिका वडा नं. १० नै यस अध्ययनको अध्ययन क्षेत्र हो ।

### ३.५. तथ्याङ्क संकलनका साधनहरु (Tools of Data Collection)

यस अध्ययनको लागि आवश्यक तथ्याङ्क संकलन गर्न र यसलाई पुर्णता दिनका लागि विभिन्न साधनहरु प्रयोग गरिएको छ ।

#### ३.५.१. प्रश्नावली (Questionnaire)

अन्य तथ्याङ्क संकलनका साधनहरु मध्ये यस साधनलाई बढि तथ्याङ्क प्राप्त गर्ने प्रमुख साधनको रुपमा लिइएको छ । यस अध्ययन लाई पुर्णता दिन संरचित तथा असंचित प्रश्नावलिको प्रयोग गरिएको छ । मुख्य उत्तरदाताको रुपमा फर्म संचालक र फर्ममा काम गर्ने कामदारहरु रहेका छन् । मुख्य उत्तरदाताहरुलाई सोधिने प्रश्नहरु अनुसुची १ र २ मा राखिएको छ ।

#### ३.५.२. अवलोकन सुची (Observation List)

प्रश्नावली बाट छुट भएको आवश्यक तथ्याङ्कहरु संकलन गर्न अवलोकन सुचिको प्रयोग गरिएको छ । अवलोकन सुचीलाई अनुसुची ३ मा राखिएको छ ।

### ३.६. तथ्याङ्क संकलनका प्रविधिहरु (Techniques of Data Collection)

यस अध्ययनलाई पुर्णता दिनका लागि निम्न अनुसारका तथ्याङ्क संकलनका प्रविधिहरु प्रयोग गरिएको छ ।

### ३.६.१. प्रत्यक्ष व्यक्तिगत अन्तरवार्ता (Direct Personal Interview)

यस अध्ययनमा आवश्यक प्राथमिक तथ्याङ्क संकलनका लागि प्रविधिको रुपमा प्रत्यक्ष व्यक्तिगत अन्तरवार्ता लाई प्रयोग गरी सोहि आधारमा फर्मका मुख्य संचालक र फर्ममा कार्यरत कामदारहरु सँग अनुसन्धान कर्ता आफै उपस्थित भई प्रत्यक्ष रुपमा भेटघाट गरी आवश्यकता अनुसार संरचनागत तथा अर्धसंरचनागत प्रश्नावलि मार्फत अन्तरवार्ता लिइएको छ ।

### ३.६.२. प्रत्यक्ष अवलोकन ( Direct Observation)

यस अध्ययन पुरा गर्न अनुसन्धानकर्ता स्वयंको उपस्थितिमा अवलोकन सुचिको आधारमा फर्मको प्रत्यक्ष अवलोकन गरिएको छ ।

### ३.७. तथ्याङ्क विश्लेषण र प्रस्तुतिकरण (Data Analysis and presentation)

यस अध्ययनको लागि आवश्यक विभिन्न प्रक्रिया बाट संकलन गरिएका तथ्याङ्कहरु लाई गुणात्मक तथा परिमाणात्मक आधारमा वर्गीकरण गरी विश्लेषण गरिएको छ । जस अन्तर्गत गुणात्मक किसिमको तथ्याङ्कहरु लाई वर्णनात्मक रुपमा प्रस्तुत गरिएको छ भने परिमाणात्मक किसिमको तथ्याङ्कहरुलाई तालिकाद्धारा प्रस्तुत गरिएको छ ।

### ३.८. नीतिगत प्रावधान (Ethical Consideration)

कुनै पनि अनुसन्धानात्मक कार्य अन्तर्गत तथ्याङ्क संकलन गर्दा निश्चित मुल्यगत तथा नीतिगत पक्षहरुको ख्याल गर्नु पर्ने भएकाले यस अध्ययनको क्रममा आवश्यक तथ्याङ्क संकलनका लागि अन्तरवार्ता लिदा अन्तरवार्ता दिने व्यक्तिहरु सँग अनुमति लिइएको छ । यसरी प्राप्त तथ्याङ्कलाई यस अध्ययनको उद्देश्य पुरा गर्नको लागि मात्र प्रयोग गरिएको छ भने प्राप्त सुचनालाई थपघट नगरी जस्ताको तस्तै अध्ययनमा राखिएको छ ।

## परिच्छेद चार (CHAPTER FOUR)

## ४. तथ्याङ्कको प्रस्तुतिकरण तथा विश्लेषण (Analysis and Interpretation of Data)

कुनै पनि माध्यम बाट संकलन गरिएको कोरा तथ्याङ्कहरुले मात्र कुनै पनि सुचना व्यक्त गर्दैन, यसका लागि उक्त तथ्याङ्कहरुको उपयुक्त विश्लेषण र प्रस्तुतिकरण गर्नु पर्दछ। त्यसैले यस अध्यायमा तथ्याङ्क संकलनका विभिन्न विधि र प्रक्रियाहरुको अवलम्बन गरी संकलन गरिएका तथ्याङ्कहरुको विश्लेषण र प्रस्तुत गरिएको छ।

### ४.१. भक्तपुर जिल्लाको परिचय (Introduction to the Bhaktapur District)

भक्तपुर जिल्ला भक्तहरुको नगरी हो। वि.सं. १९९२ को अभिलेखमा यसलाई "भद्रगाम" भनिएको छ, जसबाट अपभ्रँश भएर "भादगाउँ" भएको स्पष्ट हुन्छ। तत्कालिन राणाशासक जुद्धसमशेरले यस गाउँका वासिन्दाहरु अत्यन्तै भक्तीभावका भएकाले "भादगाउँ" लाई भक्तपुर नामाकरण गरिदिए। मौलिक कला, सँस्कृति, परम्परा र रितिरीवाजमा अब्बल, भौगोलिक र प्राकृतिक विविधताले समेत सम्पन्न हो भक्तपुर जिल्ला। नेपालको केन्द्रिय राजधानी समेत रहेको काठमाण्डौ उपत्यका भित्र पर्ने भक्तपुर जिल्लामा लिच्छविकाल र मल्लकाल देखिका अद्धितिय कलाकृतिहरु संग्रहित छन् (जि.स.स. भक्तपुर, २०७४)।

#### ४.१.१. भौगोलिक अवस्था (Geographical Status)

नेपालको सबै भन्दा सानो क्षेत्रफल भएको जिल्ला हो भक्तपुर। नेपालको मानचित्रमा ८५°२१' देखी ८५°३२' पुर्वि देशान्तर सम्म र २७°३६' देखी २७°४४' उत्तरी अक्षाँश सम्म भक्तपुर जिल्लाको सिमाना फैलिएको छ। यस जिल्लाको पुर्वमा काभ्रेपलाञ्चोक, पश्चिममा र उत्तरमा काठमाण्डौ र दक्षीणमा ललितपुर जिल्ला पर्दछ। यस जिल्लाको कुल क्षेत्रफल १२९ वर्ग किलो मिटर रहेको छ। यस जिल्लाको पुर्व-पश्चिम लम्बाई १६ किलो मिटर र उत्तर-दक्षीण चौडाई ११.२ किलो मिटर रहेको छ। यस जिल्लामा सरदर उचाई समुन्द्र सतह बाट १,३३१ मिटर रहेको छ भने सबै भन्दा अग्लो भु-भाग नगरकोट उचाइलाई मानिन्छ, जसको उचाई समुन्द्र सतह बाट २,१९१ मिटर रहेको छ।

यस जिल्लामा ८,०७७ हेक्टर कृषी क्षेत्र, २,१२५ हेक्टर वन क्षेत्र र २,१०० हेक्टर जमिन आवास क्षेत्र रहेको छ (जि.स.स. भक्तपुर, २०७४) ।

### ४.१.२. राजनैतिक तथा प्रशासनिक व्यवस्था (Political and Administrative System)

भक्तपुर जिल्लामा राजनितिक तथा प्रशासनिक क्षेत्रको रुपमा संघिय प्रतिनिधी सभा निर्वाचन क्षेत्र १ वटा र प्रदेश सभा निर्वाचन क्षेत्र २ वटा रहेको छ । त्यस्तै गरी यस जिल्लामा चाँगुनारायण नगरपालिका, मध्यपुर थिमी नगरपालिका, भक्तपुर नगरपालिका र सुर्यविनायक नगरपालिका गरी ४ वटा स्थानिय सरकारहरु रहेको छ । उक्त ४ वटा नगरपालिका अन्तर्गत ३८ वटा वडापालिकाहरु रहेका छन् (जि.स.स. भक्तपुर, २०७४) ।

### ४.१.३. जनसंख्याको अवस्था (Population Status)

जनगणना २०६८ अनुसार भक्तपुर जिल्लाको कुल जनसंख्या ३,०४,६५१ जना रहेको छ । यसमा महिला १,४९,७६७ (४९.१६ प्रतिशत) र पुरुष १,५४,८८४ (५०.८४ प्रतिशत) रहेको छ । कुल जनसंख्या मध्ये जातिय आधारमा सबै भन्दा धेरै जनसंख्या नेवार ५५.८५ प्रतिशत त्यसै गरी क्षेत्री १८.५३ प्रतिशत, ब्राह्मण १०.१४ प्रतिशत, तामाङ्ग ६.५३ प्रतिशत, मगर १.३२ प्रतिशत र अन्य ७.३२ प्रतिशत रहेको छ । स्थानिय तहका आधारमा जनसंख्या चाँगुनारायण नगरपालिकामा ५८,००६ जना, भक्तपुर नगरपालिकामा ८३,६५८ जना, मध्यपुर थिमी नगरपालिकामा ८४,१४२ जना र सुर्यविनायक नगरपालिकामा ७८,८४५ जना रहेको छ (जि.स.स. भक्तपुर, २०७४) ।

### ४.१.४.सामाजीक अवस्था (Social Status)

भक्तपुर एक बहुआयामिक जिल्ला हो, जहाँ विभिन्न जाति, धर्म, भाषाभाषी र सँस्कृतिका मानिसहरु बसोबास गर्दछन् । जनगरणा २०६८ का अनुसार ५५.८५ प्रतिशत नेवार १८.५३ प्रतिशत क्षेत्री, १०.१४ प्रतिशत बाहुन, ६.५३ प्रतिशत तामाङ्ग, १.३२ प्रतिशत मगर र अन्य जनजाति तथा दलितहरु ७.३२ प्रतिशत रहेको छ । धर्मका आधारमा ८७.८९ प्रतिशत हिन्दु, ९.१८ प्रतिशत बौद्ध, १.९७ प्रतिशत इस्लाम र बाँकी अन्य धर्मालम्बीहरु रहेका छन् । ५४.१ प्रतिशत मानिसहरु रञ्जना र हिमोल जस्ता आफ्नै लिपिहरु भएको

मातृभाषा बाल्दछन्, ६.४३ प्रतिशत मानिसहरु तामाङ्ग भाषा बोल्दछ र साझा भाषाको रुपमा नेपाली भाषा नै मातृभाषाको रुपमा बोल्ने मानिसहरु ३६.९ प्रतिशत रहेका छन् ।

गाइजात्रा, विस्काःजात्रा, धान्य पुर्णीमा, सितिनख, सकिमना पुन्हि, इन्द्र जात्रा, म्हपुजा, इहि, बाराःतयगु, पुलिकीन्सी, घण्टाकर्णको जात्रा चाडपर्व नेवार समुदायमा आस्थाका साथ मनाइन्छ । बुद्ध पुर्णीमा, जनै पुर्णीमा, एकादशी पर्व, माघे सक्रांती, मातातिर्थ औँशी, कुशे औँशी, श्रीकृष्ण जन्माष्टमी, शिवरात्री, फागुपुर्णीमा जस्ता पर्वहरु अधिकांश बासिन्दाहरुले साझा रुपमा मनाउने गर्दछ । सबै जातजातिको आफ्नै किसिमको जन्म संस्कार, ब्रतबन्ध, विवाह संस्कार, दाह संस्कार तथा श्राद्ध लगायतका रितिरीवाजहरु रहेका छन् । विभिन्न पर्वहरुमा थरिथरीका परिकारहरु पकाउने र परम्परागत भेषभुषाहरु लगाउने प्रचलन पनि उल्लेख्य मात्रमा छन् (जि.स.स. भक्तपुर, २०७४) ।

### ४.१.५. शैक्षिक अवस्था (Educational Status)

भक्तपुर जिल्ला शैक्षिक हिसाबले नेपालकै एक उत्कृष्ट जिल्ला मानिन्छ । सामुदायीक तथा निजी विद्यालयले प्रदान गर्ने शैक्षिक गुणस्तर र प्राप्त नतिजा राष्ट्रिय स्तरमै उच्चतम रहेको छ । उच्च शिक्षाका लागि पनि भक्तपुर बहुमुखी क्याम्पस, सानोठिमी क्याम्पस, नेपाल इन्जीनियरिङ्ग कलेज, सामुदायीक रुपमा संचालित एक मात्र श्रीकृष्ण बहुमुखी क्याम्पस, ख्वप कलेज, काठमाण्डौ मेडिकल कलेज लगायतका शैक्षिक संस्थाहरुले भुमिका निर्वाह गरिरहेको छ । सबै बालबालिकाहरुको पहुँचमा विद्यालय रहेको यस जिल्लामा साक्षरता दर पनि उच्चतम नै रहेको छ । वि.सं. २०६८ को जनगरणा अनुसार राज्यको औषत साक्षरता दर ६५.९ प्रतिशत रहेकोमा भक्तपुर जिल्लाको साक्षरता दर ८१.७ प्रतिशत रहेको छ (जि.स.स. भक्तपुर, २०७४) ।

### ४.१.६. स्वास्थ्य अवस्था (Health Status)

वि.सं. १९६१ सालमा नै चन्द्र शमशेरको पालामा चन्द्र शमशेर डिस्पेन्सनरीका नाम बाट स्थापित भक्तपुर अस्पताल रहेको यस जिल्लाको स्वास्थ्य सेवाको स्थिती सन्तोष जनक नै मान्नु पर्दछ । भक्तपुर क्यान्सर अस्पताल नेपाल भरिको क्यान्सर पिडितहरुको भरोसाको केन्द्र हो । सार्क राष्ट्र स्तरिय राष्ट्रिय क्षयरोग केन्द्र पनि भक्तपुर जिल्लामा नै रहेको छ ।

मानव अङ्ग प्रत्यारोपण केन्द्र, सिद्धिस्मृती महिला तथा बाल अस्पताल, नेपाल मेडिकल कलेज, कोरिया नेपाल मैत्री अस्पताल लगायत अन्य विभिन्न सरकारी तथा निजी स्वामित्वमा रहेका अस्पताल र स्वास्थ्य केन्द्रहरुले जिल्लामा स्वास्थ्य सेवाहरु दिइरहेका छन् (जि.स.स. भक्तपुर, २०७४) ।

### ४.१.७. धार्मिक तथा पर्यटन क्षेत्र (Religious and Tourism Area)

पर्यटनका लागि स्वच्छ, सान्त, सफा र सुरक्षीत भक्तपुर नेपालको पहिलो वर्गको पर्यटकहरुको रोजाइमा पर्ने जिल्ला हो । भक्तपुर र मध्यपुर नगर र त्यहाँका विश्वप्रसिद्ध मन्दिरहरु, विहार, पाटिपौवा, दरवार तथा साँस्कृतिक गतिविधीका अतिरिक्त चाँगुनाराण मन्दिर, सुर्यविनाय मन्दिर, डोलेश्वर महादेवको मन्दिर, नगरकोट डाँडा लगायतका सुप्रसिद्ध गन्तव्यहरु देश तथा विदेशमा प्रख्यात छ । पर्यटनका अतिरिक्त तिर्थधामका लागि पनि हजारौँ हजार तिर्थालुहरु देश तथा विदेश बाट भक्तपुर आउने गर्दछ । यहाँका साना ठुला होटल तथा पर्यटन व्यवसायीहरु पर्यटकको सेवामा अभ्यस्त छन् । सालिन बासिन्दाहरु, थाङ्काचित्र तथा मौलिक हस्तकलाका सामाग्रीहरुले पर्यटकीय मार्गहरु सजीसजावट हुन्छन्, मनकारी आतिथ्य, अपनत्व र सुगम क्षेत्र भएका कारणले पनि भक्तपुर पर्यटकहरुका लागि प्यारो छ (जि.स.स. भक्तपुर, २०७४) ।

### ४.१.८. यातायातको अवस्था (Situation of Transportation)

नेपालकै सुगम र विकसीत काठमाण्डौ उपत्यका भित्र रहेको भक्तपुर जिल्लामा यातायातको सुविधा राम्रो रहेको छ । लोकन्थलि देखि साँगाभञ्ज्याङ्ग हुदै जाने अरनिको राजमार्ग यहाँको एक मात्र राजमार्ग हो, जसले एकातिर राजधानी शहर र अर्कोतिर चिनको स्वसासित क्षेत्र तिब्बतलाई नेपाल संग जोड्दछ । मुलतः लोकन्थलि अरनिको राजमार्ग बाट सुरु भएर पुर्व, पश्चिम, उत्तर र दक्षिण चारैतिर सडक संजाल विकास भएको छ । निकै पुरानो र बनिरहेको नयाँ सडकहरुले भक्तपुरका अधिकांस बस्तिहरुमा आउजाउ गर्न असाध्यै सजिलो भएको छ । प्रायः ठाँउहरुमा पिच बाटो बनिसकेका छन् र पहिले बाटोघाटो असुविधा भएको ठाँउहरुमा पनि कच्चि र ग्राभेल बाटोहरु खोल्नका साथै विभिन्न करीडोरहरु पनि धमाधम खोल्ने काम भइरहेका छन् (जि.स.स. भक्तपुर, २०७४) ।

## ४.२.सूर्यविनायक नगरपालिकाको परिचय (Introduction to the Suryabinayak Municipality)

नेपाल सरकारले २०७३ फागुन २७ गते गरेको स्थानिय तह घोषणा अनुसार साविकको सूर्यविनायक नगरपालिका र अनन्तलिङ्गेश्वर नगरपालिकालाई समायोजन गरेर सुर्यविनायक नगरपालिका गठन भएको हो । यस नगरपालिकाको पुर्वमा वनेपा नगरपालिका र पनौति नगरपालिका, पश्चिममा मध्यपुर थिमी नगरपालिका र महालक्ष्मी नगरपालिका, उत्तरमा मध्यपुर थिमी नगरपालिका, भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिका र दक्षिणमा महालक्ष्मी नगरपालिका र पनौति नगरपालिका पर्दछ । यस नगरपालिकाको कुल क्षेत्रफल ४२.४५ वर्ग किलो मिटर रहेको छ । यस नगरपालिकाम भक्तपुर जिल्ला प्रदेश सभा निर्वाचन क्षेत्र नम्बर २ (ख) पर्दछ । यस सूर्यविनायक नगरपालिकामा जम्मा १० वटा वडाहरु रहेका छन् । यस नगरपानिकाको कार्यलय वडा नम्बर ५ कटुञ्जे स्थित टंकप्रसाद आचार्य स्मृती प्रतिष्ठानको भवनमा रहेको छ ।

यस नगरपालिकामा सूर्यविनायक गणेश मन्दिर, डोलेश्वर महादेव मन्दिर, आशापुरी महादेव, अनन्तलिङ्गेश्वर, चारखण्डी, हनुमान मन्दिर, दक्षिण वाराहि, सुवर्णेश्वर, शुसिलाभैरभ, सोमलिङ्गेश्वर, विन्ध्यावासिनी, लटरमेश्वर, नन्दकिशोर महादेव मन्दिर तथा १०८ फीट अग्लो महादेव प्रतिमा आदि धार्मीक स्थलहरु रहेका छन् । त्यस्तै रानिकोट गढि, मालिगाउँ लाकुरी भञ्ज्याङ्ग, कैलाश डाँडा, कांकाबारी, सल्लाघारी आदि स्थानहरु आधुनिक पर्यटकीय गन्तव्यको रुपमा विकास भइरहेको छ (सूर्यविनायक नगरपालिका, २०७६) ।

### ४.२.१. भौगोलिक अवस्था (Geographical Status)

भक्तपुर जिल्लाको ३५.५ प्रतिशत क्षेत्र ओगटेको यस सूर्यविनायक नगरपालिकाको कुल क्षेत्रफल ४२.४५ वर्ग किलो मीटर रहेको छ । १० वटा वडाहरुमा विभाजन गरिएको यस नगरपालिकाको पुर्वमा वनेपा नगरपालिका र पनौति नगरपालिका, पश्चिममा मध्यपुर थिमी नगरपालिका र महालक्ष्मी नगरपालिका, उत्तरमा मध्यपुर थिमी नगरपालिका, भक्तपुर नगरपालिका र चाँगुनारायण नगरपालिका र दक्षिणमा महालक्ष्मी नगरपालिका र पनौति नगरपालिका रहेको छ । यस नगरपालिकामा समुन्द्र सतह देखी १,४०० मीटर उचाइमा रहेको बोकाचो गढि, २,००० मीटर भन्दा अग्लो उचाइमा रहेको रानिकोट गढि तथा

विभिन्न समथल भुभागहरु रहेका छन् । यस नगरपालिका २७°४०' उत्तरी अक्षांश र ८५°२४' पुर्वि देशान्तरमा अवस्थित छ (सूर्यविनायक नगरपालिका, २०७६) ।

### ४.२.२. जनसांख्यीकी अवस्था (Demography Status)

यस नगरपालिकामा १९,१९७ घरधुरी रहेकोमा ५७,४११ (५०.५९ प्रतिशत) महिला, ५६,०४५ (४९.३९ प्रतिशत) र १५ (०.०२ प्रतिशत) अन्य गरी जम्मा १,१३,४७१ जना जनसंख्या रहेको छ । यस नगरपालिका भित्र रहेका १० वटा वडाहरुको जनसंख्यालाई तालिकाद्धारा प्रस्तुत गरिएको छ ।

तालिका नम्बर ४.१

सूर्यविनायक नगरपालिकाको वडागत जनसंख्याको विवरण, २०७६

| क्र.सं. | वडाहरु | घरधुरी | पुरुष | महिला | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १ नं. | १,५०० | ३,५९७ | ३,५०६ | १ | **७,१०४** |
| २ | २ नं. | २,८०० | ८,६६३ | ८,४३० | ९ | **१७,१०२** |
| ३ | ३ नं. | १,१०२ | २,६९९ | २,६९९ | ० | **५,२७९** |
| ४ | ४ नं. | २,५४६ | ७,५६१ | ७,५६१ | ० | **१५,२७६** |
| ५ | ५ नं. | २,७०० | ७,३०० | ७,३०० | १ | **१४,८०१** |
| ६ | ६ नं. | १,८०० | ४,१३० | ४,८७० | २ | **९,००२** |
| ७ | ७ नं. | १,३३१ | २,९७७ | २,९१८ | १ | **५,८९६** |
| ८ | ८ नं. | २,५०० | ८,४३३ | ८,५७७ | १ | **१७,०११** |
| ९ | ९ नं. | १,४०० | ७,१८५ | ७,३१५ | ० | **१४,५००** |
| १० | १० नं. | १,५०० | ३,५०० | ४,००० | ० | **७,५००** |
| **जम्मा** | | **१९,१७९** | **५७,४११** | **५६,०४५** | **१५** | **१,१३,४७१** |

स्रोत : सूर्यविनायक नगरपालिका, २०७६

### ४.२.३. शैक्षिक अवस्था (Educational Status)

यस नगरपालिकाका विद्यालय सम्पुर्ण बालबालिको पहँचमा रहेको छ । शिक्षा एउटा सामाजिक पुर्वधारको महत्वपुर्ण विषय/पक्ष हो । वि.सं. २०६८ को जनगरणा अनुसार नेपालको औषत साक्षरता दर ६५.९ प्रतिशत रहेकोमा नगर स्तरिय सर्वेक्षण, २०७५ का अनुसार यस नगरपालिकाको साक्षरता दर ९२.३१ रहेको छ । समग्रमा सूर्यविनायक

नगरपालिका शिक्षाको पहुँच तथा साक्षरताको दृष्टिले विकसित छ (सूर्यविनायक नगरपालिका, २०७६)।

### ४.२.४. स्वास्थ्य अवस्था (Health Status)

यस नगरपालिकामा प्राथमिक स्वास्थ्य केन्द्र १, स्वास्थ्य चौकी ७, शहरी स्वास्थ्य केन्द्र १, EPI क्लिनिक १६ र १८ वटा PHS÷ORCs रहेको छ। त्यस्तै यस नगरपालिकामा ७२ जना महिला स्वास्थ्य स्वयम् सेविका रहेका छन्। यस नगरपालिकामा देखिएका विभिन्न रोगहरु हरेक वर्ष घटिरहेको छ । यस नगरपालिकामा देखिएको विभिन्न रोगहरु लाई तालिका बाट निम्न अनुसार प्रस्तुत गरिको छ।

तालिका नम्बर ४.२

सूर्यविनायक नगरपालिकामा देखिएका रोगहरु, २०७६

| क्र.सं. | रोगको प्रकार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | पखाला तथा पानीजन्य रोगहरु | १,८५० | १,४३१ | ३,२८१ |
| २ | श्वास प्रश्वास सम्बन्धी रोगहरु | ३,४०१ | १,६५९ | ५,०६० |
| ३ | प्रजनन् स्वास्थ्य सम्बन्धी रोगहरु | ४७ | ० | ४७ |
| ४ | छाला सम्बन्धी रोगहरु | १,७६७ | १,४६२ | ३,२२९ |
| ५ | मधुमेह | २३० | १८९ | ४१९ |
| ६ | कुपोषण | ९ | २ | ११ |
| ७ | क्षयरोग | १८ | ३१ | ४९ |
| ८ | हेपाटाइटिस बी. | ४ | ५ | ९ |
| ९ | नाक, कान घाँटि सम्बन्धी रोग | १,८९४ | १,३४९ | ३,२४३ |
| १० | रक्त अल्पता | १० | १ | ११ |
| **जम्मा** | | **९,२३०** | **६,१२९** | **१५,३५९** |

स्रोत : सूर्यविनायका नगरपालिका, २०७६

### ४.३. बँगुरपालन व्यवसायको वर्तमान अवस्था (Current Situation of Pig Farming)

परम्परा देखी नै विशेष समुदायका मानिसहरुले मात्रै गर्दै आइरहेको बँगुरपालन व्यवसायको वर्तमान अवस्था अध्ययन गर्न भक्तपुर जिल्ला, सूर्यविनायक नगरपालिका वडा नम्बर १० मा संचालित फर्महरु मध्ये ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्मलाई नमुनाको रुपमा छनौट गरी उक्त फर्महरुको विवरण स्थलगत सर्वेक्षणको माध्यमबाट संकलन गरिएको छ । उक्त फर्महरुको वर्तमान अवस्थालाई वुदागत रुपमा निम्नअनुसार प्रस्तुत गरिएको छ ।

**ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को वर्तमान अवस्था**

(क) ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. वि. सं. २०६५ सालमा खोलिएको हो । ३० वटा पाठापाठी खरिदको लागि रु. ६०,००० र भौतिक संरचना निर्माणको लागि रु. ५,००,००० लगानी गरी यस फर्म संचालन सुरु गरिएको हो ।

(ख) २० रोपनी जमिन भाडामा लिएर सुरु गरेको यस फर्मले वार्षिक रु. ५,००,००० लगान तिर्ने गरेको पाइयो ।

(ग) यस फर्ममा बँगुरहरुको लागि पूर्व-दक्षिण फर्कीएको, करिव २० फीट लम्बाई, १२ फिट चौडाई भएको तथा पानीले पखालेर सफा गर्न मिल्ने भुँई भएको ५२ वटा खोरहरु रहेको पाइयो । त्यस्तै आहारा, दाना संकलनको लागि १ वटा गाडी रहेको पाइयो ।

(घ) यस फर्ममा स्थानिय जातको पाखीबासे कालो र उन्नत जातको ह्याम्पसायर, योर्कसायर, ल्याण्डरेस, ड्युरोक जस्ता बँगुरहरु मिश्रण (क्रस) गरेर पालिएको छ ।

(ङ) यस फर्ममा ३६० वटा भन्दा बढि संख्यामा बँगुरहरु रहेका छन् । जसमा ५ वटा भाले ( विर), ५५ वटा पोथी (माउ), १५० वटा भन्दा बढि पाठापाठी र १५० भन्दा बढि मासुका लागि पालिएका बँगुरहरु रहेका पाइयो ।

(च) यस फर्ममा आहाराको लागि मुख्य गरी होटेल, रेष्टुरेण्ड बाट संकलन गरिएको जुठो खाना, कुखुराको मासु पसलहरु बाट संकलन गरिएको बिग्रीएको मासु तथा कुखुराको आन्द्रा, उद्योगहरु बाट संकलन गरिएको बिग्रिएको तथा मिति गुज्रिएको विस्कुट, चाऊचाऊ तथा

पाऊरोटी आदि र केहि मात्रामा भने बँगुरको लागि नै भनेर उत्पादन गरिएको बँगुरको (फीट) दाना पनि प्रयोग गरेको पाइयो ।

(छ) यस फर्ममा फर्म संचालक र परिवार २ जना फर्ममा नै नियमित काम गर्नु हुन्छ । त्यस्तै मासिक तलाव दिएर राखिएको कामदारहरु ४ जना रहेका छन् भने आवश्यकता अनुसार दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरु पनि व्यवस्था गर्ने गरेको पाइयो ।

(ज) सामान्यतया भाले लागेको ४ महिनामा बँगुरले बच्चा जम्माउदछ, यस फर्ममा पाठापाठी ४५ दिनको भए पछि विक्री गर्ने गरेको पाइयो भने ६-७ महिनाको भए पछि मासुको लागि बँगुर विक्री गर्न सुरु गर्ने गरेको पाइयो ।

**सिमखोला बँगुर फर्मको वर्तमान अवस्था**

(क) सिमखोला बँगुर फर्म वि. सं. २०६८ सालमा खोलिएको हो । २२ वटा पाठापाठी खरिदको लागि रु. ५५,००० र भौतिक संरचना निर्माणको लागि रु. ७,००,००० लगानी गरी यस फर्म संचालन सुरु गरिएको हो ।

(ख) ५ रोपनी जमिन भाडामा लिएर सुरु गरेको यस फर्मले वार्षिक रु. २,००,००० लगान तिर्ने गरेको पाइयो ।

(ग) यस फर्ममा बँगुरहरुको लागि पूर्व-दक्षिण फर्कीएको, करिव २० फीट लम्बाई, १२ फिट चौडाई भएको तथा पानीले पखालेर सफा गर्न मिल्ने भुँई भएको ३१ वटा खोरहरु रहेका पाइयो । त्यस्तै आहारा, दाना संकलनको लागि १ वटा गाडी रहेको पाइयो ।

(घ) यस फर्ममा स्थानिय जातको पाखीबासे कालो र उन्नत जातको ह्याम्पसायर, योर्कसायर, ल्याण्डरेस, ड्युरोक जस्ता बँगुरहरु मिश्रण (क्रस) गरेर पालिएको छ ।

(ङ) यस फर्ममा २२० वटा भन्दा बढि संख्यामा बँगुरहरु रहेका छन् । जसमा ५ वटा भाले (विर), ३५ वटा पोथी (माउ), ११० वटा भन्दा बढि पाठापाठी र ७० भन्दा बढि मासुका लागि पालिएका बँगुरहरु रहेका पाइयो ।

(च) यस फर्ममा आहाराको लागि मुख्य गरी होटेल, रेष्टुरेण्ड बाट संकलन गरिएको जुठो खाना, कुखुराको मासु पसलहरु बाट संकलन गरिएको बिग्रीएको मासु तथा कुखुराको आन्द्रा, उद्योगहरु बाट संकलन गरिएको बिग्रिएको तथा मिति गुज्रिएको विस्कुट, चाऊचाऊ तथा पाऊरोटी आदि र केहि मात्रामा भने बँगुरको लागि नै भनेर उत्पादन गरिएको बँगुरको ( फीट) दाना पनि प्रयोग पाइयो ।

(छ) यस फर्ममा फर्म संचालक व्यवस्थापकको रुपमा फर्ममा काम गर्ने गरेको पाइयो । त्यस्तै मासिक तलाव दिएर राखिएको कामदारहरु ८ जना रहेका छन् भने आवश्यकता अनुसार दैनिक ज्यालादारीमा काम गर्ने कामदारहरु पनि व्यवस्था गर्ने गरेको पाइयो ।

(ज) सामान्यतया भाले लागेको ४ महिनामा बँगुरले बच्चा जम्माउदछ, यस फर्ममा पाठापाठी ४५ दिनको भए पछि विक्री गर्ने गरेको पाइयो भने ६-७ को भए पछि मासुको लागि बँगुर विक्री गर्न सुरु गर्ने गरेको पाइयो ।

## ४.४. बँगुरपालन व्यवसायको लागत (Cost of Pig Farming)

लागत भन्नाले वस्तु तथा सेवा उत्पादन गर्दा लाग्ने सम्पुर्ण खर्चलाई जनाउदछ । यहाँ बँगुरपालन व्यवसायको लागत भन्नाले बँगुरपालन व्यवसाय संचालन गर्दा लाग्ने सम्पुर्ण खर्चलाई जनाउदछ । अथवा बँगुर उत्पादन गर्दा प्रयोग गरिएका सम्पुर्ण साधनहरु लाई दिइने भुक्तानिको जोड नै बँगुरपालन व्यवसायको लागत हो । सामान्यतया बँगुरपालन गर्दा जमिन, पुँजी, श्रम जस्ता उत्पादनका साधनहरु प्रयोग गरिन्छ । यस्ता साधनहरु प्रयोग गरे वापत तिनिहरुलाई निश्चीत मुल्य तिर्नु पर्दछ, यसरी तिरिने मुल्यहरुको जोड नै बँगुरपालन व्यवसायको लागत हो । अल्पकालमा उत्पादनका केहि साधनहरु लाई मात्र परिवर्तन गर्न सकिने र केहि लाई नसकिने भएकाले केहि साधनहरु स्थीर र केहि साधनहरु परिवर्तनशिल हुन्छन् । त्यस्ता स्थीर साधनहरु माथि गरिएका खर्चहरु लाई स्थीर लागत, परिवर्तनशील साधनहरु माथि गरिएका खर्चहरु लाई परिवर्तनशील लागत र स्थीर लागत र परिवर्तनशील लागतको जोड लाई कुल लागत भनिन्छ । बँगुरपालन व्यावसायको स्थीर लागत, परिवर्तनशील लागत र कुल लागत लाई निम्न अनुसार प्रस्तुत गर्न सकिन्छ ।

### ४.४.१. बँगुरपालन व्यवसायको स्थीर लागत (Fixed Cost of Pig Farming)

यस अध्यायमा बँगुरपालन व्यवसायका लागि जमिन, स्थायी कामदार, गाडी खरिद, खोर निर्माण जस्ता स्थीर साधनहरु माथि गरिएको खर्चलाई प्रस्तुत गरिएको छ ।

**ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को स्थीर लागत**

(क) जमिनको भाडा (Rent)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले २० रोपनि जमिन भाडामा लिए बापत रु. ५,००,००० भाडा तिरेको पाइयो ।

(ख) तलव (Salary)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले ४ जना स्थायी कामदार राखेको छ । उक्त कामदारहरु लाई महिनावारी प्रति व्यक्ती औषत रु. १५,००० दिने गरेको पाइयो । ४ जना कामदारको औषत रु. १५,००० महिनावारी तलव वार्षीक रु. ७,२०,००० तलव दिने गरेको पाइयो ।

(ग) गाडी खरिद (Vehicle Purchase)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले बँगुरको आहारा तथा दाना संकलन गर्नका लागि रु. १३,००,००० मा १ वटा गाडी खरिद गरेको पाइयो ।

(घ) भौतिक संरचना निर्माण (Construction of Physical Infrastructure)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले ५२ वटा भौतिक संरचना (बँगुरको खोर) रहेको छ । प्रति खोर औषत रु. ७५,००० का दरले उक्त ५२ वटा खोर निर्माण गर्न रु. ३९,००,००० खर्च गरेको पाइयो ।

(ङ) अन्य खर्च (Others)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले रु. २०,००० अन्य खर्च गरेको पाइयो ।

तालिका नम्बर ४.३

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को स्थीर लागत, २०७६

| क्र.सं. | लागत शिर्षक | रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १ | जग्गा भाडा | ५,००,००० | ७.०० |
| २ | त्लव | ७,२०,००० | १०.५० |
| ३ | गाडी खरिद | १३,००,००० | १९.०० |
| ४ | भौतिक संरचना निर्माण | ३९,००,००० | ५६.०० |
| ५ | कर | ५,००,००० | ७.०० |
| ६ | अन्य | २०,००० | ०.५० |
| **जम्मा** | | **६९,४०,०००** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका नम्बर ४.३ मा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को स्थीर लागत लाई देखाइएको छ । जस अन्तर्गत जग्गा भाडा, तलब, गाडी खरिद, भौतिक संरचना निर्माण, कर र अन्य क्रमश : रु. ५,००,००० (७ प्रतिशत), रु. ७,२०,००० (१०.५ प्रतिशत), रु. १३,००,००० (१९ प्रतिशत), रु. ३९,००,००० (५६ प्रतिशत), रु. ५,००,००० (७ प्रतिशत) र २०,००० (०.५ प्रतिशत) गरी जम्मा रु. ६९,४०,००० स्थीर लागत लागेको छ ।

## सिमखोला बँगुर फर्मको स्थीर लागत

(क) जमिनको भाडा (Rent)

यस सिमखोला बँगुर फर्म ले ५ रोपनी जमिन भाडामा लिए बापत रु. २,००,००० भाडा तिरेको पाइयो ।

(ख) तलव (Salary)

यस सिमखोला बँगुर फर्म ले ८ जना स्थायी कामदार राखेको छ । उक्त कामदारहरु लाई प्रतिव्यक्ती औषत रु. १५,००० मासिक तलव दिने गरेको पाइयो । मासिक रु.

१५,००० को दरले उक्त ८ जना कामदारलाई वार्षीक रु. १४,४०,००० तलव दिने गरेको पाइयो ।

(ग) गाडी खरिद (Vehicle Purchase)

यस सिमखोला बँगुर फर्म ले बँगुरको आहारा तथा दाना संकलन गर्नका लागि रु. १०,००,००० मा १ वटा गाडी खरिद गरेको पाइयो ।

(घ) भौतिक संरचना निर्माण (Construction of Physical Infrastructure)

यस सिमखोला बँगुर फर्म ले ३१ वटा भौतिक संरचना (बँगुरको खोर) निर्माण गर्न १ वटाको औषत रु. ७५,००० का दरले रु. २३,२५,००० खर्च गरेको पाइयो ।

(ङ) अन्य खर्च (Others)

यस सिमखोला बँगुर फर्मले रु. २५,००० अन्य खर्च गरेको पाइयो ।

तालिका नम्बर ४.४

यस सिमखोला बँगुर फर्मको स्थीर लागत, २०७६

| क्र.सं. | लागत शिर्षक | रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १ | जग्गा भाडा | २,००,००० | ४.०० |
| २ | तलव | १४,४०,००० | २७.०० |
| ३ | गाडी खरिद | १०,००,००० | १९.०० |
| ४ | भौतिक संरचना निर्माण | २३,२५,००० | ४३.५० |
| ५ | कर | ३,००,००० | ६.०० |
| ६ | अन्य खर्च | २५,००० | ०.५० |
| **जम्मा** | | **५२,९०,०००** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका नम्बर ४.४ मा सिमखोला बँगुर फर्मको स्थीर लागत लाई देखाइएको छ। जस अन्तर्गत जग्गा भाडा, तलब, गाडी खरिद, भौतिक संरचना निर्माण, कर र अन्य क्रमश : रु. २,००,००० (४ प्रतिशत), रु. १४,४०,००० (२७.५ प्रतिशत), रु. १०,००,००० (१९ प्रतिशत), रु. २३,२५,००० (४३.५ प्रतिशत), रु. ३,००,००० (६ प्रतिशत) र २५,००० (०.५ प्रतिशत) गरी जम्मा रु. ५२,९०,००० स्थीर लागत लागेको छ।

### ४.४.२. बँगुरपालन व्यवसायको परिवर्तनशील लागत (Variable Cost of Pig Farming)

यस अध्यायमा बँगुरपालनका लागि दाना (आहारा), ज्याला, औषधि उपचार, गाडी मर्मत तथा इन्धन, भौतिक संरचनाको मर्मत, पानी तथा विद्युत जस्ता परिवर्तशील साधनहरुमा गरिएको खर्चहरुलाई प्रस्तुत गरिएको छ।

**ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को परिवर्तनशील लागत**

(क) दाना (आहारा) (Feed)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले बँगुरको विभिन्न आहारा संकलनको लागि रु. १२,५०,००० खर्च गरेको पाइयो।

(ख) ज्याला (Wages)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले अस्थायी कामदारको लागि रु.२५,००० खर्च गरेको पाइयो।

(ग) औषधि उपचार (Medical Treatment)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले बँगुरको औषधि उपचारको लागि रु. १,००,००० खर्च गरेको पाइयो।

(घ) गाडी इन्धन र मर्मत (Fuel and Vehicle Maintenance)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले गाडी मर्मत र इन्धनको लागि रु. ३,५०,००० खर्च गरेको पाइयो।

(ङ) भौतिक संरचना मर्मत (Maintenance of Infrastructure)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले भौतिक संरचना मर्मतका लागि रु. ४०,००० खर्च गरेको पाइयो ।

(च) औजार खरिद (Tools purchase)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले विभिन्न आवश्यक भाँडा, औजार खरिदका लागि रु. १५,००० खर्च गरेको पाइयो ।

(छ) पानी र विद्युत (Electricity and Water)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले विद्युत र पानीको लागि रु. ५५,००० खर्च गरेको पाइयो ।

(ज) अन्य खर्च (Others)

यस ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि ले रु. ५०,००० अन्य खर्च गरेको पाइयो ।

तालिका नम्बर ४.५

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को परिवर्तनशील लागत, २०७६

| क.सं. | लागत शिर्षक | रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १ | आहारा (दाना) खर्च | १२,५०,००० | ६६.०० |
| २ | ज्याला खर्च | २५,००० | १.५० |
| ३ | औषधि उपचार खर्च | १,००,००० | ५.०० |
| ४ | संरचनाको मर्मत खर्च | ४०,००० | २.०० |
| ५ | औजार खरिद खर्च | १५,००० | १.०० |
| ६ | पानी र विद्युत खर्च | ५५,००० | ३.०० |
| ७ | गाडी मर्मत र इन्धन खर्च | ३,५०,००० | १९.०० |
| ८ | अन्य | ५०,००० | २.५० |
| **जम्मा** | | **१८,८५,०००** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका नम्बर ४.५ मा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को परिवर्तनशील लागत लाई देखाइएको छ । जसमा आहारा (दाना), ज्याला, औषधि उपचार, संरचनाको मर्मत, औजार खरिद, पानी तथा विद्युत, गाडी मर्मत तथा इन्धन र अन्य क्षेत्रमा क्रमश : रु. १२,२५,०० (६६ प्रतिशत), रु. २५,००० (१.५ प्रतिशत), रु. १,००,००० (५ प्रतिशत), रु. ४०,००० (२ प्रतिशत), रु. १५,००० (१ प्रतिशत), रु. ५५,००,००० (३ प्रतिशत), रु. ३,५०,००० (१९ प्रतिशत) र रु. ५०,००० (२.५ प्रतिशत) गरी जम्मा रु. १८,८५,००० परिवर्तनशील लागत लागेको छ ।

**सिमखोला बँगुर फर्मको परिवर्तनशील लागत**

(क) आहारा (दाना) (Feed)

यस सिमखोला बँगुर फार्मले बँगुरको विभिन्न आहारा संकलनको लागि रु. ८,३०,००० खर्च गरेको पाइयो ।

(ख) ज्याला (Wages)

यस सिमखोला बँगुर फार्मले अस्थायी कामदारको लागि रु.२०,००० खर्च गरेको पाइयो ।

(ग) औषधि उपचार (Medical Treatment)

यस सिमखोला बँगुर फर्मले बँगुरको औषधि उपचारको लागि रु. १,५०,००० खर्च गरेको पाइयो ।

(घ) गाडी इन्धन र मर्मत (Fuel and Vehicle Maintenance)

यस सिमखोला बँगुर फर्मले गाडी मर्मत र इन्धनको लागि रु. ४,००,००० खर्च गरेको पाइयो ।

(ङ) भौतिक संरचना मर्मत (Maintenance of Infrastructure)

यस सिमखोला बँगुर फर्मले भौतिक संरचना मर्मतका लागि रु. ३०,००० खर्च गरेको पाइयो ।

(च) औजार खरिद (Tools purchase)

यस सिमखोला बँगुर फर्मले विभिन्न आवश्यक भाँडा, औजार खरिदका लागि रु. १५,००० खर्च गरेको पाइयो ।

(छ) पानी र विद्युत (Electricity and Water)

यस सिमखोला बँगुर फर्मले विद्युत र पानीको लागि रु. ५५,००० खर्च गरेको पाइयो ।

(ज) अन्य खर्च (Others)

यस सिमखोला बँगुर फर्मले रु. ५०,००० अन्य खर्च गरेको पाइयो ।

तालिका नम्बर ४.६

सिमखोला बँगुर फर्मको परिवर्तनशील लागत, २०७६

| क.सं. | लागत शिर्षक | रकम रु. | प्रतिशत |
|---|---|---|---|
| १ | आहारा (दाना) खर्च | ८,३०,००० | ५३.५० |
| २ | ज्याला खर्च | २०,००० | १.०० |
| ३ | औषधि उपचार खर्च | १,५०,००० | १०.०० |
| ४ | संरचनाको मर्मत खर्च | ३०,००० | २.०० |
| ५ | औजार खरिद खर्च | १५,००० | १.०० |
| ६ | पानी र विद्युत खर्च | ५५,००० | ३.५० |
| ७ | गाडी मर्मत र इन्धन खर्च | ४,००,००० | २६.०० |
| ८ | अन्य | ५०,००० | ३.०० |
| **जम्मा** | | **१५,५०,०००** | **१००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका नम्बर ४.६ मा सिमखोला बँगुर फर्मको परिवर्तनशील लागत लाई देखाइएको छ । जसमा आहारा (दाना), ज्याला, औषधि उपचार, संरचनाको मर्मत, औजार खरिद, पानी तथा विद्युत, गाडी मर्मत तथा इन्धन र अन्य क्षेत्रमा क्रमश : रु. ८,३०,०० ( ५३.५ प्रतिशत), रु. २०,००० (१ प्रतिशत), रु.१,५०,००० (१० प्रतिशत), रु. ३०,००० (२ प्रतिशत), रु. १५,००० (१ प्रतिशत), रु. ५५,००,००० (३.५ प्रतिशत), रु. ४,००,००० (२६ प्रतिशत) र रु. ५०,००० (३ प्रतिशत) गरी जम्मा रु. १५,५०,००० परिवर्तनशील लागत लागेको छ ।

### ४.४.३. बँगुरपालन व्यवसायको कुल लागत (Total Cost of Pig Farming)

वस्तु तथा सेवा उत्पादन गर्दा लाग्ने सम्पुर्ण लागतहरुको योग नै कुल लागत हो । अथवा वस्तु तथा सेवा उत्पादन गर्दा प्रयोग गरिएको स्थीर तथा परिवर्तशील साधनहरु माथी गरिएको सम्पुर्ण खर्चहरुको जोड नै कुल लागत हो । अध्ययनका छनौटमा परेका

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि र सिमखोला बँगुर फर्मको स्थीर लागत र परिवर्तनशील लागतको जोडलाई यस अध्यायमा प्रस्तुत गरिएको छ ।

तालिका नम्बर ४.७


बँगुरपालन व्यवसायको कुल लागत, २०७६

| फर्म | लागत | स्थीर लागत रु. | परिवर्तनशील लागत रु. | कुल लागत रु. |
|---|---|---|---|---|
| **ग्रिनरी एग्रो प्रा.लि.** | | ६९,४०,००० | १८,८५,००० | ८८,२५,००० |
| **सिमखोला बँगुर फर्म** | | ५२,९०,००० | १५,५०,००० | ६८,४०,००० |
| **जम्मा** | | १,२२,३०,००० | ३४,३५,००० | १,५६,६५,००० |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका ४.७ मा अध्ययनको छनौटमा परेको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि र सिमखोला बँगुर फर्मको स्थीर लागत र परिवर्तनशील लागतको जोडलाई प्रस्तुत गरिएको छ । जस अन्तर्गत ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि को कुल लागत रु. ८८,२५,००० र सिमखोला बँगुर फर्मको कुल लागत रु. ६८,४०,००० रहेको छ । त्यस्तै गरी बँगुरपालन व्यवसायको कुल स्थीर लागत रु. १,२२,३०,००० र कुल परिवर्तनशील लागत रु. ३४,३५,००० लाई जोडेर बँगुरपालन व्यवसायको कुल लागत रु. १,५६,६५,००० रहेको छ । तालिका नम्बर ४.७ को आधारमा बँगुरपालन व्यवसायको कुल लागत लाई वृत्तचित्र द्वारा पनि देखाइएको छ ।

वृत्तचित्र नम्बर ४.१




बँगुरपालन व्यवसायको कुल लागत, २०७६

स्रोत : तालिका नम्बर ४.७

## ४.५. बँगुरपालन व्यवसायको आय (Income of Pig Farming)

उत्पादन भएको सम्पुर्ण वस्तु तथा सेवाहरुको विक्री बाट प्राप्त भएको रकमलाई आम्दानी भनिन्छ । अथवा उत्पादित वस्तु तथा सेवाहरुको विक्री परिमाण लाई प्रचलित बजार मुल्यले गुणन गर्दा प्राप्त हुने रकम नै आय/आम्दानी हो । यस अध्यायमा छनौटमा परेको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि बाट र सिमखोला बँगुर फर्म बाट उत्पादन भएको सम्पुर्ण बँगुरहरुको विक्री बाट प्राप्त आयलाई प्रस्तुत गरिएको छ ।

### ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि बाट प्राप्त आय

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि बाट आर्थिक वर्ष २०७६/७७ मा उत्पादन भएको पाठापाठी, मासुजन्य बँगुर तथा बँगुरको विष्टा मलको विक्री बाट प्राप्त आयलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका नम्बर ४.८

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि बाट प्राप्त आय, २०७६

| आयको स्रोत | सँख्या | प्रतिगोटा मुल्य रु. | आय रु. |
|---|---|---|---|
| **पठापाठी** | ८०० | ७,५०० | ६०,००,००० |
| **मसुजन्य बँगुर** | २०० | २७,००० | ५४,००,००० |
| **विष्टा मल** | - | - | ३०,००० |
| **जम्मा** | **१,०००** | **-** | **१,१४,३०,०००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका नम्बर ४.८ मा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि मा उत्पादन भएको पाठापठी तथा मासुजन्य बँगुरको विक्री बाट प्राप्त आयलाई देखाइएको छ । जसमा प्रतिगोटा रु. ७,५०० ले ८०० वटा पाठापाठीको विक्री बाट रु. ६०,००,००० आय प्राप्त भएको छ, त्यस्तै प्रतिगोटा रु. २७,००० ले २०० वटा मासुजन्य बँगुरको विक्री बाट रु. ५४,००,००० आय प्राप्त भएको भने बँगुरको विष्टा मलको विक्री बाट रु. ३०,००० आय प्राप्त भएको छ । पाठापाठी, मासुजन्य बँगुर र बँगुरको विष्टा मलको विक्री बाट प्राप्त आयलाई जोडेर ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि बाट रु. १,१४,३०,००० कुल आय प्राप्त भएको छ ।

## सिमखोला बँगुर फर्म बाट प्राप्त आय

सिमखोला बँगुर फर्म बाट आर्थिक वर्ष २०७६/७७ मा उत्पादन भएको पाठापाठी, मासुजन्य बँगुर तथा बँगुरको विष्टाको विक्री बाट प्राप्त आयलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका नम्बर ४.९

सिमखोला बँगुर फर्म बाट प्राप्त आय, २०७६

| आयको स्रोत | सँख्या | प्रतिगोटा मुल्य रु. | आय रु. |
|---|---|---|---|
| **पठापाठी** | ५०० | ७,५०० | ३७,५०,००० |
| **मसुजन्य बँगुर** | १५० | २८,००० | ४२,००,००० |
| **बँगुरको विष्टा मल** | - | - | ३०,००० |
| **जम्मा** | **६५०** | | **७९,८०,०००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका नम्बर ४.९ मा सिमखोला बँगुर फर्ममा उत्पादन भएको पाठापठी तथा मासुजन्य बँगुरको विक्री बाट प्राप्त आयलाई देखाइएको छ । जसमा प्रतिगोटा रु. ७,५०० ले ५०० वटा पाठापाठीको विक्री बाट रु. ३७,५०,००० आय प्राप्त भएको छ, त्यस्तै प्रतिगोटा रु. २८,००० ले १५० वटा मासुजन्य बँगुरको विक्री बाट रु. ४२,००,००० आय प्राप्त भएको छ भने बँगुरको विष्टा मलको विक्री बाट रु. ३०,००० आय प्राप्त भएको छ । पाठापाठी, मासुजन्य बँगुर र बँगुरको विष्टाको विक्री बाट प्राप्त आयलाई जोडेर सिमखोला बँगुर फर्मको कुल आय रु. ७९,८०,००० कुल आय प्राप्त भएको छ ।

**बँगुरपालन व्यवसायको आय**

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्म बाट प्राप्त आयलाई जोडेर प्राप्त हुने बँगुरपालन व्यवसायको आयलाई तालिका बाट निम्न अनुसार प्रस्तुत गरिएको छ ।

तालिका नम्बर ४.१०

बँगुरपालन व्यवसायको आय, २०७६


| बँगुर फर्महरु | पठापाठी बाट आय रु. | मासुजन्य बँगुर बाट आय रु. | विष्टा मल बाट आय रु. | बँगुरपालन व्यवसायको आय रु. |
|---|---|---|---|---|
| **ग्रिनरी एग्रो प्रा.लि.** | ६०,००,००० | ५४,००,००० | ३०,००० | १,१४,३०,००० |
| **सिमखोला बँगुर फर्म** | ३७,५०,००० | ४२,००,००० | ३०,००० | ७९,८०,००० |
| **जम्मा** | **९७,५०,०००** | **९६,००,०००** | **६०,०००** | **१,९४,१०,०००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका नम्बर ४.१० मा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्म बाट प्राप्त आयलाई जोडेर प्राप्त हुने बँगुरपालन व्यवसायको आयलाई देखाइएको छ। जसमा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. बाट रु. १,१४,३०,००० आय प्राप्त भएको छ भने सिमखोला बँगुर फर्म बाट रु. ७९,८०,००० आय प्राप्त भएको छ। उक्त दुवै फर्म बाट आयलाई जोडेर बँगुरपालन व्यवसायको आय रु. १,९४,१०,००० प्राप्त भएको छ। तालिका नम्बर ४.१० को आधारमा बँगुरपालन व्यवसायको आयलाई वृत्तचित्र द्धारा पनि देखाइएको छ।

वृत्तचित्र नम्बर ४.२

ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि र सिमखोला बँगुर फर्म बाट प्राप्त आय, २०७६




स्रोत : तालिका नम्बर ४.१०

### ४.६. बँगुरपालन व्यवसायको लाभ (Profit of Pig Farming)

कुनै पनि व्यवसायीले उत्पादित वस्तु तथा सेवाको विक्री गरी प्राप्त गरेको कुल आम्दानी बाट उक्त वस्तु तथा सेवा उत्पादन गर्दा लागेको कुल लागत घटाउदा प्राप्त हुने प्रतिफल नै त्यस व्यवसायको नाफा/लाभ हो । कुनै पनि व्यवसाय संचालनको सुरुवाती देखी वस्तु तथा सेवा उत्पादन र विक्री गर्दा सम्म विभिन्न स्थीर तथा परिवर्तनशील लागतहरु लाग्दछ । उक्त वस्तु तथा सेवाको विक्री गरी प्राप्त भएको कुल आय बाट यस्ता सम्पुर्ण लागत लाई घटाएर प्राप्त हुने प्रतिफल लाई त्यस व्यवसायको लाभ भनिन्छ । अथवा वस्तु तथा सेवाको उत्पादन कार्यमा लाग्ने कुल लागत र त्यसको विक्री बाट प्राप्त हुने कुल आय विचको अन्तर नै लाभ हो । हरेक व्यवसायको संचालन लाभको उद्देश्यले गरिएको हुन्छ । त्यसैले बँगुरपालन व्यवससाय पनि लाभको उद्देश्यले संचालन गरेको कुरा बुझ्न सकिन्छ । यस अध्ययनमा बँगुरपालन व्यवसायको लागत लाभ विश्लेषण गरिएको छ ।

जसमा अध्ययनका लागि छनौटमा परेका ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्मको लाभ लाई कुल लागत र कुल आयको आधारमा तालिका बाट प्रस्तुत गरिएको छ ।

तालिका नम्बर ४.११

बँगुरपालन व्यवसायको लाभ, २०७६

| - | कुल आय रु. | कुल लागत रु. | कुल लाभ रु. |
|---|---|---|---|
| **ग्रिनरी एग्रो प्रा.लि.** | १,१४,३०,००० | ८८,२५,००० | २६,०५,००० |
| **सिमखोला बँगुर फर्म** | ७९,८०,००० | ६८,४०,००० | ११,४०,००० |
| **बँगुरपालन व्यवसाय** | **१,९४,१०,०००** | **१,५६,६५,०००** | **३७,४५,०००** |

स्रोत : स्थलगत सर्वेक्षण, २०७७

तालिका नम्बर ४.११ मा बँगुरपालन व्यवसायको कुल लाभलाई देखाइएको छ । ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को कुल आय रु. १,१४,३०,००० बाट कुल लागत रु. ८८,२५,००० घटाएर रु. २६,४५,००० कुल लाभ प्राप्त भएको छ । त्यस्तै सिमखोला बँगुर फर्मको कुल आय रु. ७९,८०,००० बाट कुल लागत रु. ६८,४०,००० घटाएर रु. ११,४०,००० कुल लाभ प्राप्त भएको छ । अथवा बँगुरपालन व्यवसायको कुल आय रु. १,९४,१०,००० बाट कुल लागत रु. १,५६,६५,००० घटाएर रु. ३७,४५,००० कुल लाभ प्राप्त भएको छ ।

### ४.७. बँगुरपालन व्यवसायको पुँजीको सिमान्त क्षमता (Marginal Efficiency of Capital of Pig Farming)

पुँजीको सिमान्त क्षमता भन्नाले लगानि गरिएको पुँजी बाट प्राप्त हुने नाफा/लाभको दर भन्ने बुझीन्छ । यो पुँजीगत सम्पत्ति बाट प्राप्त हुने अनुमानित नाफा संग सम्बन्धीत हुन्छ । अथवा पुँजीको सिमान्त क्षमताले अतिरिक्त पुँजीको प्रयोग गर्दा त्यसको सम्पुर्ण लागत घटाइसके पछि प्राप्त हुन आउने लाभलाई जनाउदछ, यस लाई प्रतिफलको दर पनि भनिन्छ । पुँजीको सिमान्त क्षमता लाई मुख्य गरी दुई वटा कुराहरुले निर्धारण गर्दछ । पहिलो, पुँजीगत सम्पत्तिको अनुमानित आय र दोस्रो, पुँजीगत सम्पत्तिको

पुर्ति मुल्य । कुनै पनि क्षेत्रमा लगानि गर्ने कि नगर्ने भन्ने निर्णय गर्नु भन्दा पहिले उक्त क्षेत्रमा गरिने पुँजीको सिमान्त क्षमता कस्तो छ जानकारी खाब्नु पर्दछ । त्यसैले लगानि कर्ताहरु पुँजीको सिमान्त क्षमतालाई बिशेष महत्वका साथ हेर्ने गर्दछ । लगानि कर्ताले कुनै पनि क्षेत्रमा त्यस बेला मात्र लगानि गर्दछ, जति बेला प्रचलित व्याजदर भन्दा पुँजीको सिमान्ता क्षमता बढि हुन्छ । यस अध्ययनमा बँगुरपालन व्यवसायमा गरिएको लगानि, आय र लाभको आधारमा पुँजीको सिमान्त क्षमता पत्ता लगाइएको छ । यसमा कुल लाभ - कुल लागत विधिको प्रयोग गरिएको छ ।

**ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि.को पुँजीको सिमान्त क्षमता**

कुल लागत = रु. ८८,२५,०००

कुल आय = रु. १,१४,३०,०००

कुल लाभ = रु. २६,०५,०००

पुँजीको सिमान्त क्षमता = कुल लाभ/कुल लागत

= २६,०५,०००/८८,२५,००० = ०.२९५१ = २९.५१%

**सिमखोला बँगुर फर्मको पुँजीको सिमान्त क्षमता**

कुल लागत = रु. ६८,४०,०००

कुल आय = रु. ७९,८०,०००

कुल लाभ = रु. ११,४०,०००

पुँजीको सिमान्त क्षमता = कुल लाभ/कुल लागत

= ११,४०,०००/६८,४०,००० = ०.१६६६ = १६.१६%

**बँगुरपालन व्यवसायको पुँजीको सिमान्त क्षमता**

कुल लागत = रु. १,५६,६५,०००

कुल आय = रु. १,९४,१०,०००

कुल लाभ = रु. ३७,४५,०००

पुँजीको सिमान्त क्षमता = कुल लाभ/कुल लागत

= ३७,४५,०००/१,५६,६५,००० = ०.२३९० = २३.९०%

पुँजीको सिमान्त क्षमतालाई अर्को विधि (पुँजीगत सम्पत्तिको अनमानित आय-पुर्ति मुल्य विचको अनुपात विधि) बाट पनि पत्ता लगाउन सकिन्छ । पुँजीगत सम्पत्तिको अनुमानित आय भन्नाले लगानि गरिएको पुँजीको वार्षिक आय भन्ने बुझीन्छ भने पुर्ति मुल्य भन्नाले भन्नाले लगानि गरिएको लागत भन्ने बुझीन्छ । यसलाई निम्न सुत्र बाट देखाउन सकिन्छ-

MEC = $\frac{R}{C} - 1$ ……………… (i)

Where,

MEC = Marginal Efficiency of Capital (पुँजीको सिमान्त क्षमता)

R = Annual Revenue (वार्षिक आय)

C = Cost of Firm (फर्मको लागत)

तथ्याङ्कहरु लाई समिकरण (i) मा राख्दा,

**ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि.को पुँजीको सिमान्त क्षमता**

(MEC) = १,१४,३०,०००/८८,२५,०००-१

= १.२९५१ - १

= ०.२९५१

= २९.५१%

तथ्याङ्कहरु लाई समिकरण (i) मा राख्दा,

**सिमखोला बँगुर फर्मको पुँजीको सिमान्त क्षमता**

(MEC) = ७९,८०,०००/६८,४०,०००-१

= १.१६१६ - १

= ०.१६६६

= १६.१६%

तथ्याङ्कहरु लाई समिकरण (i) मा राख्दा,

**बँगुरपालन व्यवसायको पुँजीको सिमान्त क्षमता**

(MEC) = १,९४,१०,०००/१,५६,६५,०००-१

= १.२३९० - १

= ०.२३९०

= २३.९०%

माथिको तथ्याङ्कलाई विश्लेषण गर्दा २०७६ सालमा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि.को पुँजीको सिमान्त क्षमता २९.५१ प्रतिशत प्राप्त भएको छ भने सिमखोला बँगुर फर्मको पुँजीको सिमान्त क्षमता १६.१ प्रतिशत प्राप्त भएको छ । समग्रमा बँगुरपालन व्यवसायको पुँजीको सिमान्त क्षमता २३.९० प्रतिशत प्राप्त भएको छ ।

## ४.८. बँगुरपालन व्यवसायको समस्याहरु (Problems of Pig Farming)

बँगुरपालन व्यवसायको थुप्रै राम्रा पक्षहरु हुदाहुदै पनि यसका केहि नराम्रा पक्षहरु पनि रहेका छन् । किनकी कुनै पनि कुरामा राम्रा संगै नराम्रा कुराहरु पनि जोडिएर आएका हुन्छन् । त्यस्ता नराम्रा कुराहरुलाई समयमा नै पहिचान गरेर त्यसको न्युनिकरण तथा नियन्त्रण गरी व्यवसायलाई बढि नाफामुलक बनाउनु हरेक व्यवसायीका लागि मुख्य दायीत्व हुन्छ । अध्ययनका लागि छनौटमा परेका ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्मका संचालकहरु संग कुराकानिको क्रममा प्राप्त भएको सुचना तथा प्रत्यक्ष अवलोकन बाट प्राप्त सुचनालाई व्यवसायमा भएको सिमितता, अभाव, कमिकमजोरी वा सुधान गर्नु पर्ने पक्षहरु लाई बँगुरपालन व्यवसायको समस्याको रुपमा प्रस्तुत गरिएको छ ।

(क) नितीगत समस्या

बँगुरपालन व्यवसायका लागि सरकारको निती नै उपयुक्त नभएको पाइयो । यस्ता फर्म तथा व्यवसायहरु सरकारको दायरामा ल्याउन सम्बन्धीत निकायमा दर्ता गर्नु पर्दछ, तर दर्ता गर्ने प्रक्रिया निकै लामो र झन्जटिलो हुने पाइयो । दर्ता भई संचालनमा भएको फर्महरुको पनि सम्बन्धीत निकाय बाट उचित अनुगमन तथा मुल्याङ्कन नगर्ने, सम्बन्धीत निकाय बाट प्राप्त गर्ने सेवा, सुविधा तथा अनुदान वास्तविक कृषकले नपाउने, कागज मात्र हेरेर काम गर्ने निती वास्तविक व्यवसायीहरुको लागि अनुपयुक्त रहेको पाइयो ।

(ख) उन्नत पाठापाठीको समस्या

व्यवसायीहरु का अनुसार मासुजन्य बँगुरको लागि उन्नत जातका बँगुरहरुको मिश्रीत (क्रस गरिएको) उपयुक्त हुने गर्दछ । तर पनि बच्चा उत्पादनको लागि शुद्ध उन्नत जातका बँगुरहरु उपयुक्त हुन्छ जसका लागि पोथी (माउ) र भाले (विर) पाल्नका लागि त्यस्ता शुद्ध उन्नत जातका पाठापाठीको अभाव तथा निकै महंगो हुने गरेको पाइयो ।

(ग) आहाराको समस्या

बँगुरहरु लाई खुवाउने आहारा (फीट दाना) निकै महँगो रहेको छ । बँगुरको लागि नै भनेर उत्पादन गरिएको आहारा दाना खुवाएर बँगुर पाल्दा व्यवसाय बाट फाइदा नहुने देखीन्छ ।

थोरै मात्रामा पाठापाठीको लागि मात्र त्यस्ता आहारा दाना खरिद गर्ने गरेको पाइयो । बाँकि आहारा जुठो भात होटल, रेष्टुरेनट बाट संकलन गरेर, मरेका कुखुरा, कुखुराको आन्दा आदि कुखुरा मासु पसल बाट संकलन गरेर, मिती गुज्रेको विस्कुट, चाउचाउ, पाउरोटि आदि पसल तथा उद्योग बाट संकलन गरेर तथा कुहिएको फलफुलहरु फलफुल पसलहरु बाट संकलन गरेर बँगुरपालन गरिरहेको पाइयो । यस्ता अन्य आहारा उन्नत फीट दाना भन्दा सस्तो भए पनि संकलन गर्न अत्यन्तै समस्या हुने पाइयो ।

(घ) रोगको समस्या

सामान्यतया बँगुरमा लाग्ने रोगहरु हैंजा, खोरेत, स्वाइन फ्लु आदि हुन् । ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि.को संचालकले बँगुरहरुमा लाग्ने विभिन्न रोगहरु, त्यसको पहिचान र उपचार सामान्यतया फर्म संचालक आफै गर्ने गरेको पाइयो । तर त्यस्ता रोगहरु अनपेक्षीत रुपमा कहिले काहि अनियन्त्रीत हुन जान्छ, जसले व्यवसायमा ठुलो मात्रमा क्षति गर्ने गरेको पाइयो ।

(ङ) कामदारको समस्या

बँगुरपालन व्यवसायमा काम गर्ने कामदारको पनि समस्या रहेको पाइयो । बँगुरपालनका लागि बँगुरपालन सम्बन्धी ज्ञान, सिप भएको र अत्यन्तै मेहनति कामदारहरु आवश्यक हुन्छ । त्यस्ता कामदारहरु कम पाइने, पाइएको कामदार लामो समय फर्ममा काम नगर्ने जस्ता समस्याहरु रहको पाइयो ।

(च) बजार मुल्यको समस्या

फर्म संचालकहरुले ठुलो मात्रामा श्रम र पुंजी लगानि गरेर उत्पादन गरेको बँगुरको स्थीर र उचित बजार मुल्य नभएको पाइयो । बजारमा प्रति किलो बँगुरको मासु रु. ५५० भन्दा बढि भए पनि किसान/उत्पादक लाई औषत प्रति किलो रु. ४०० भन्द कम मुल्य मात्र प्राप्त गर्ने गरेको पाइयो ।

(छ) आम दृष्टीकोण

बँगुरको मासु उपभोक्ताहरुले जति मनपराए पनि, बँगुरपालन व्यवसाय जति व्यवसायीक बन्दै गए पनि बँगुरपालन व्यवसाय र बँगुरपालन व्यवसायी प्रति आम मानिसको दृष्टीकोण केहि नकरात्मक पाइयो । बँगुरपालन व्यवसाय लाई बजारमा मासु पुर्तिको एक भरपर्दो आधार बनाउन, यसलाई थप व्यवसायीक बनाउन बँगुरपालन व्यवसाय प्रति आम मानिसहरुको यो दृष्टीकोण समस्याको रुपमा रहेको पाइयो ।

## ४.९. अध्ययनको सारांश (Summary of the Study)

यस अध्ययनमा भक्तपुर जिल्ला, सुर्यविनायक नगरपालिका वडा नम्बर १० मा संचालित बँगुरपालन व्यवसायको अध्ययन गरिएको छ । यस अध्ययनको विशिष्ट उद्देश्यहरु (क) बँगुरपालन व्यवसायको वर्तमान अवस्थाको विश्लेषण गर्नु (ख) बँगुरपालन व्यवसायको लागत पहिचान गर्नु (ग) बँगुरपालन व्यवसायको लाभ पहिचान गर्नु र (घ) बँगुरपालन व्यवसायको लागत लाभ विश्लेषण गर्नु रहेको थियो । उक्त उद्देश्यहरु पुरा गर्नका लागि सुर्यविनायक नगरपालिका वडा नम्बर १०, भक्तपुरमा संचालित ४ वटा बँगुर फर्महरु मध्ये सामान्य सम्भावनायुक्त नमुना छनौट विधि अन्तर्गत चिट्ठा विधिको प्रयोग गरेर २ वटा (५० प्रतिशत) ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्म नमुनाको रुपमा छनौट गरीएको थियो । उक्त बँगुर फर्महरु बाट बँगुरपालन व्यवसायको वर्तमान अवस्था, लागत, आय, लाभ तथा लागत लाभ विश्लेषण जस्ता शिर्षकहरु बनाई विभिन्न प्राथमिक तथ्याङ्कहरु संकलन गरिएको थियो । त्यस्तै अर्थमन्त्रालय, राष्ट्रिय योजना आयोग, कृषि विभाग, पशु सेवा विभाग, जील्ला समन्वय समिति तथा नगरपालिका द्धारा प्रकाशित विभिन्न लेख रचनाहरु र अनलाइनमा प्रकाशित लेख रचनाहरु तथा विभिन्न व्यक्तीहरु द्धारा तयार गरिएको अप्रकाशित शोध पत्र आदी लाई द्धितिय तथ्याङ्कको स्रोतहरुको रुपमा प्रयोग गरिएको थियो । यसरी संकलन गरिएको तथ्याङ्कहरु लाई व्याख्यात्मक तथा विश्लेषणात्मक विधि द्धारा विश्लेषण गरिएको थियो । यसको सारांश लाई बुदागत रुपमा निम्न अनुसार प्रस्तुत गरिएको छ ।

१. यस अध्ययनको छनौटमा परेको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. २०६५ साल देखी सुरु गरेको भने सिमखोला बँगुर फर्म २०६८ साल देखी सुरु गरेको पाइयो । ग्रिनरी एग्रो

इन्टिग्रेटेड ग्रुप प्रा.लि. संचालकको ४ जना परिवार संख्या मध्ये २ जना बँगुरपालन कार्यमा संलग्न रहेको पाइयो भने सिमखोला बँगुर फर्म संचालकको ५ जना परिवार संख्या मध्ये १ जना मात्र बँगुरपालन कार्यमा संलग्न रहेको पाइयो ।

२. ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. ३० वटा पाठापाठी र अन्य खर्च रु. ३,००,००० लगानि बाट सुरु गरेको पाइयो भने सिमखोला बँगुर फर्म २२ वटा पाठापाठी र अन्य खर्च रु. १५,००,०० लगानि बाट सुरु गरेको पाइयो ।

३. नमुनाको रुपमा छनौटमा परेका दुवै बँगुर फर्महरुमा ल्याण्डरेस, ड्युरोक, ह्याम्पसायर, योर्कसायर, धराने कालो, पाखीबासे कालो जातका बँगुरहरु मिश्रीत रुपमा रहेको पाइयो ।

४. ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. मा बँगुरहरुका लागि ५२ वटा खोरहरु र आहारा संकलनका लागि १ वटा सानो गाडि रहेको पाइयो भने सिमखोला बँगुर फर्ममा बँगुरहरुका लागि ३१ वटा खोर र आहारा संकलनका लागि १ वटा सानो गाडि रहेको पाइयो ।

५. ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. मा मासुको लागि पालिएको बँगुरहरु १५० वटा भन्दा बढि, पाठापाठीहरु १५० वटा भन्दा बढि, पोथि (माउ) ५५ वटा र भाले (विर) ५ वटा गरी जम्मा ३६० वटा भन्दा बढि बँगुरहरु रहेको पाइयो । त्यस्तै सिमखोला बँगुर फर्ममा मासुको लागि पालिएको ७० वटा भन्दा बढि, पाठापाठीहरु ११० वटा भन्दा बढि, पोथि (माउ) ३५ वटा र भाले (विर) ५ वटा गरी जम्मा २२० वटा भन्दा बढि बँगुरहरु रहेको पाइयो ।

६. दुवै फर्महरुमा ४५ दिन पुगे पछि पाठापाठी र ६-७ महिना पुगे पछि मासुजन्य बँगुरहरु विक्री गर्ने गरेको पाइयो । दुवै फर्महरुमा प्रतिगोटा औषत रु. ७,५०० का दरले पाठापाठीहरु विक्री गर्ने गरेको पाइयो भने प्रतिगोटा औषत रु. २७,००० का दरले मासुजन्य बँगुरहरु ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. ले र रु. २८,००० का दरले सिमखोला बँगुर फर्मले विक्री गर्ने गरेको पाइयो ।

७. २०७६ सालमा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. ले ८०० वटा पाठापाठीहरु र २०० वटा मासुजन्य बँगुरहरु विक्री गरेको पाइयो । त्यस्तै सिमखोला बँगुर फर्मले ५०० वटा पाठापाठीहरु र १५० वटा मासुजन्य बँगुरहरु विक्री गरेको पाइयो ।

८. २०७६ सालमा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को कुल स्थीर लागत रु. ६९,४०,००० र परिवर्तनशील लागत रु. १८,८५,००० गरी कुल लागत रु. ८८,२५,००० रहेको थियो । त्यस्तै सिमखोला बँगुर फर्मको स्थीर लागत रु. ५२,९०,००० र परिवर्तनशील लागत रु. १५,५०,००० गरी जम्मा कुल लागत रु. ६८,४०,००० रहेको थियो । भने २०७६ सालको बँगुरपालन व्यवसायको स्थीर लागत रु. १,२२,३०,००० र परिवर्तनशील लागत रु. ३४,३५,००० गरी कुल लागत रु. १,५६,६५,००० रहेको थियो ।

९. २०७६ सालको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को पाठापाठी विक्री, मासुजन्य बँगुरको विक्री र बँगुरको विष्टा मल विक्री बाट क्रमश : रु. ६०,००,०००, रु. ५४,००,०००, र रु. ३०,००० गरी कुल आय रु. १,१४,३०,००० रहेको पाइयो । त्यस्तै सिमखोला बँगुर फर्मको पाठापाठी विक्री, मासुजन्य बँगुरको विक्री र बँगुरको विष्टा मल विक्री बाट क्रमश : रु. ३७,५०,०००, रु. ४२,००,००० र रु. ३०,००० गरी कुल आय रु. ७९,८०,००० रहेको पाइयो । भने बँगुरपालन व्यवसायको पाठापाठी विक्री, मासुजन्य बँगुरको विक्री र बँगुरको विष्टा मल विक्रीको क्रमश : रु. ९७,५०,०००, रु. ९६,००,००० र रु. ६०,००० गरी रु. १,९४,१०,००० कुल आय प्राप्त भएको पाइयो ।

१०. २०७६ सालको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को कुल लाभ रु. २६,०५,००० र सिमखोला बँगुर फर्मको रु. ११,४०,००० कुल लाभ प्राप्त भएको पाइयो । भने बँगुरपालन व्यवसायको रु. ३७,४५,००० कुल लाभ प्राप्त भएको पाइयो ।

११. २०७६ सालको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को पुँजीको सिमान्त क्षमता २९.५१ प्रतिशत, सिमखोला बँगुर फर्मको १६.१६ प्रतिशत र बँगुरपालन व्यवसायको २३.९० प्रतिशत पुँजीको सिमान्त क्षमता रहेको पाइयो ।

१२. बँगुरपालन व्यवसायमा नितीगत समस्या, उन्नत पाठापाठीको समस्या, आहाराको समस्या, बँगुरमा लाग्ने रोगको समस्या, स्थायी कामदारको समस्या, बजार मुल्यको समस्या तथा बँगुरपालन व्यवसाय प्रति हेर्ने मानिसहरुको नकारात्मक दृष्टीकोण जस्ता समस्याहरु रहेको पाइयो ।

# परिच्छेद पाँच (CHAPTER FIVE)

## ५. निष्कर्ष र सुझावहरु (CONCLUSION AND RECOMMENDATIONS)

बँगुरपालन व्यवसायको एक अध्ययन शिर्षक रहेको यस अध्ययनमा मुख्यतया सुर्यविनायक नगरपालिका वडा नम्बर १०, भक्तपुरमा संचालित ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्मको वर्तमान अवस्था, लागत, लाभ र लागत लाभ को अध्ययन गरिएको छ । अध्ययनमा सन्दर्भमा सकेसम्म वास्तविक र तथ्यपरक तथ्याङ्कहरु समावेश गर्ने प्रयास गरिएको छ । प्राप्त तथ्याङ्कहरुको विश्लेषण गरी आएको निष्कर्ष तथा आवश्यक सुझावहरुलाई यस अध्यायमा प्रस्तुत गरिएको छ ।

### ५.१. निष्कर्ष (Conclusion)

परम्परा देखी विशेष जातिहरुले मात्र गर्दै आइरहेको बँगुरपालन व्यवसाय आज सबै जातजातिका मानिसहरुले व्यवसायीक रुपमा गर्दै आइरहेको छ । बँगुरपालन व्यवसाय रोजगारीको अभाव भएको मुलुकमा स्वरोजगारको एक भरपर्दो आधार बनेको छ । अन्य व्यवसायको तुलनामा यो व्यवसाय बढि नाफामुलक पनि पाइयो । बँगुरपालन व्यवसायलाई थप व्यवस्थीत र व्यवसायीक बनाउन सके व्यवसायीको आर्थिक सुधार हुने साथसाथै बँगुरको मासुमा देशलाई आत्मा निर्भर बनाउदै देशमा विदेशी मुद्रा संचय गर्न सकिने अवस्था पनि छ । बँगुरपालन व्यवसायको अध्ययन अन्तर्गत सुर्यविनायक नगरपालिका वडा नम्बर १०, भक्तपुरमा संचालित ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्मको संचालक तथा कामदारहरु संग गरिएको कुराकानि छलफल बाट प्राप्त तथ्याङ्कहरुको विश्लेषण र त्यसको निष्कर्ष लाई यहाँ बुदागत रुपमा प्रस्तुत गरिएको छ ।

१. यस अध्ययनको छनौटमा परेको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. २०६५ साल देखी सुरु गरेको भने सिमखोला बँगुर फर्म २०६८ साल देखी सुरु गरेको पाइयो । ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. संचालकको ४ जना परिवार संख्या मध्ये २ जना बँगुरपालन कार्यमा संलग्न रहेको पाइयो भने सिमखोला बँगुर फर्म संचालकको ५ जना परिवार संख्या मध्ये १ जना मात्र बँगुरपालन कार्यमा संलग्न रहेको पाइयो ।

२. ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. ३० वटा पाठापाठी र अन्य खर्च रु. ३,००,००० लगानि बाट सुरु गरेको पाइयो भने सिमखोला बँगुर फर्म २२ वटा पाठापाठी र अन्य खर्च रु. १५,००,०० लगानि बाट सुरु गरेको पाइयो ।

३. नमुनाको रुपमा छनौटमा परेका दुवै बँगुर फर्महरुमा ल्याण्डरेस, ड्युरोक, ह्याम्पसायर, योर्कसायर, धराने कालो, पाखीबासे कालो जातका बँगुरहरु मिश्रीत रुपमा रहेको पाइयो ।

४. ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. मा बँगुरहरुका लागि ५२ वटा खोरहरु र आहारा संकलनका लागि १ वटा सानो गाडि रहेको पाइयो भने सिमखोला बँगुर फर्ममा बँगुरहरुका लागि ३१ वटा खोर र आहारा संकलनका लागि १ वटा सानो गाडि रहेको पाइयो ।

५. ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. मा मासुको लागि पालिएको बँगुरहरु १५० वटा भन्दा बढि, पाठापाठीहरु १५० वटा भन्दा बढि, पोथि (माउ) ५५ वटा र भाले (विर) ५ वटा गरी जम्मा ३६० वटा भन्दा बढि बँगुरहरु रहेको पाइयो । त्यस्तै सिमखोला बँगुर फर्ममा मासुको लागि पालिएको ७० वटा भन्दा बढि, पाठापाठीहरु ११० वटा भन्दा बढि, पोथि (माउ) ३५ वटा र भाले (विर) ५ वटा गरी जम्मा २२० वटा भन्दा बढि बँगुरहरु रहेको पाइयो ।

६. दुवै फर्महरुमा ४५ दिन पुगे पछि पाठापाठी र ६-७ महिना पुगे पछि मासुजन्य बँगुरहरु विक्री गर्ने गरेको पाइयो । दुवै फर्महरुमा प्रतिगोटा औषत रु. ७,५०० का दरले पाठापाठीहरु विक्री गर्ने गरेको पाइयो भने प्रतिगोटा औषत रु. २७,००० का दरले मासुजन्य बँगुरहरु ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. ले र रु. २८,००० का दरले सिमखोला बँगुर फर्मले विक्री गर्ने गरेको पाइयो ।

७. २०७६ सालमा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. ले ८०० वटा पाठापाठीहरु र २०० वटा मासुजन्य बँगुरहरु विक्री गरेको पाइयो । त्यस्तै सिमखोला बँगुर फर्मले ५०० वटा पाठापाठीहरु र १५० वटा मासुजन्य बँगुरहरु विक्री गरेको पाइयो ।

८. २०७६ सालमा ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को कुल स्थीर लागत रु. ६९,४०,००० र परिवर्तनशील लागत रु. १८,८५,००० गरी कुल लागत रु. ८८,२५,००० रहेको थियो । त्यस्तै सिमखोला बँगुर फर्मको स्थीर लागत रु. ५२,९०,००० र परिवर्तनशील लागत रु. १५,५०,००० गरी जम्मा कुल लागत रु. ६८,४०,००० रहेको थियो । भने २०७६

सालको बँगुरपालन व्यवसायको स्थीर लागत रु. १,२२,३०,००० र परिवर्तनशील लागत रु. ३४,३५,००० गरी कुल लागत रु. १,५६,६५,००० रहेको थियो ।

९. २०७६ सालको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को पाठापाठी विक्री, मासुजन्य बँगुरको विक्री र बँगुरको विष्टा मल विक्री बाट क्रमश : रु. ६०,००,०००, रु. ५४,००,०००, र रु. ३०,००० गरी कुल आय रु. १,१४,३०,००० रहेको पाइयो । त्यस्तै सिमखोला बँगुर फर्मको पाठापाठी विक्री, मासुजन्य बँगुरको विक्री र बँगुरको विष्टा मल विक्री बाट क्रमश : रु. ३७,५०,०००, रु. ४२,००,००० र रु. ३०,००० गरी कुल आय रु. ७९,८०,००० रहेको पाइयो । भने बँगुरपालन व्यवसायको पाठापाठी विक्री, मासुजन्य बँगुरको विक्री र बँगुरको विष्टा मल विक्रीको क्रमश : रु. ९७,५०,०००, रु. ९६,००,००० र रु. ६०,००० गरी रु. १,९४,१०,००० कुल आय प्राप्त भएको पाइयो ।

१०. २०७६ सालको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को कुल लाभ रु. २६,०५,००० र सिमखोला बँगुर फर्मको रु. ११,४०,००० कुल लाभ प्राप्त भएको पाइयो । भने बँगुरपालन व्यवसायको रु. ३७,४५,००० कुल लाभ प्राप्त भएको पाइयो ।

११. २०७६ सालको ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. को पुँजीको सिमान्त क्षमता २९.५१ प्रतिशत, सिमखोला बँगुर फर्मको १६.१६ प्रतिशत र बँगुरपालन व्यवसायको २३.९० प्रतिशत पुँजीको सिमान्त क्षमता रहेको पाइयो ।

१२. बँगुरपालन व्यवसायमा नितीगत समस्या, उन्नत पाठापाठीको समस्या, आहाराको समस्या, बँगुरमा लाग्ने रोगको समस्या, स्थायी कामदारको समस्या, बजार मुल्यको समस्या तथा बँगुरपालन व्यवसाय प्रति हेर्ने मानिसहरुको नकारात्मक दृष्टीकोण जस्ता समस्याहरु रहेको पाइयो ।

## ५.२. सुझावहरु (Recommendations)

परम्परा देखी नै खास जातिहरुले मात्र गर्दै आइरहेको बँगुरपालन आज सबै जातजातिका मानिसहरुले व्यवसायीक रुपमा गर्दै आइरहेको छ । बँगुरपालन व्यवसाय रोजगारीको अभाव भएको मुलुकमा स्वरोजगारको एक भरपर्दो आधार बनेको छ । अन्य व्यवसायको तुलनामा यो व्यवसाय बढि नाफामुलक पनि रहेको पाइयो । यद्यपी यस

व्यवसाय लाई थप व्यवस्थीत व्यवसायीक बनाउन तथा बँगुरपालन व्यवसायमा देखिएको विभिन्न समस्याहरु लाई समाधान गर्दै व्यवसायको लाभ लाई वृद्धि गर्न सुझावहरु प्रस्तुत गरिएको छ । अध्ययनको निष्कर्षको आधारमा आएको सुझावहरु लाई नितीगत सुझाव, प्रयोगात्मक सुझाव र आगामी अनुसन्धान सम्बन्धी सुझाव गरी ३ उपशिर्षकमा प्रस्तुत गरिएको छ ।

### ५.२.१. नितीगत सुझावहरु (Policy Related Recommendations)

बँगुरपालन व्यवसायको लागि नितीगत सुझावहरु निम्न अनुसार छन्

(क) व्यवसायीक बँगुरपालन व्यवसायलाई सरकारको दायरामा ल्याउनका लागि दर्ता प्रक्रिया छिती, छोटो र सजीलो बनाउनु पर्दछ ।

(ख) सम्बन्धीत निकाय बाट कागजी प्रक्रियालाई मात्र प्राथमिकता नदिई उचित अनुगमन, मुल्याङ्कन गरी सरकार बाट प्रदान गर्ने सेवा सुविधा वास्तबिक किसान/उत्पादकलाई प्रदान गर्नु पर्दछ ।

(ग) पाठापाठी खरिद, खोर निर्माण तथा गाडि खरिदका लागि अनुदान प्रदान गर्नु पर्दछ ।

(घ) सम्बन्धीत निकाय बाट आहारा संकलन केन्द्रहरु निर्माण गरिदिने तथा सुपथ मुल्यमा आहारा उत्पादन र पुर्ति गरिनु पर्दछ ।

(ङ) किसान/उत्पादकहरुको लगानि, मेहनत तथा हितलाई ख्याल गरेर बँगुरको मासुको उचित बजार मुल्य निर्धारण गरिनु पर्दछ ।

(च) बँगुरपालन व्यवसायको लागि सरकारले/स्थानिय सरकारले उपयुक्त, निश्चीत भु-भाग लाई पकेट क्षेत्र घोषणा गर्नु पर्दछ ।

(छ) विभिन्न रोगका कारण हुने ठुलो क्षति न्युनिकरण गर्न पशु विमाको उचित र सुलभ व्यवस्था गर्नु पर्दछ

### ५.२.२. प्रयोगात्मक सुझावहरु (Practice Related Recommendations)

बँगुरपालन व्यवसायको लागि प्रयोगात्मक सुझावहरु निम्न अनुसार छन्

(क) सडक, विद्युत, पानी तथा बजार भएको उपयुक्त जमिनमा बँगुरपालन व्यवसाय सुरु गर्नु पर्दछ । जसले सहज रुपमा व्यवसाय संचालन गर्न सहयोग पुर्याउदछ ।

(ख) बँगुरमा लाग्ने रोग, त्यसको उपचार, बँगुरको बजार माग तथा समग्रमा बँगुरपालन व्यवसाय सम्बन्धी आधारभुत ज्ञान लिएर व्यवसाय सुरु गर्नु पर्दछ ।

(ग) व्यवसायीक जोखिमको दृष्टीकोणले सानो लगानि बाट व्यवसाय सुरु गर्नु पर्दछ । जसले व्यवसायीक जोखिम न्युनिकरण गर्न तथा व्यवसायी अनुभव संगै व्यवसाय वृद्धि गर्न सहयोग पुर्याउदछ ।

(घ) व्यवसाय सुरु गर्न वित्तीकै फर्म अनिवार्य रुपमा दर्ता गर्ने र व्यवसायी संघको सदस्यता लिने । जसले आइपर्ने व्यवसायी समस्याहरु समाधान गर्न सहयोग गर्दछ ।

(ङ) फीड दाना मात्र खुवाएर बँगुरपालन गर्दा अत्यन्त कम मात्रामा लाभ हुन्छ । त्यसैले अन्य आहारा संकलनमा जोड गर्नु पर्दछ । जसले लाभको दरमा वृद्धि गर्दछ ।

(च) मासुजन्य बँगुर बाट भन्दा तुलनात्मक रुपमा पाठापाठी उत्पादन बाट बढि लाभ प्राप्त हुन्छ ।

(छ) बँगुरपालन लाई अन्य व्यवसाय (हाँस पालन, कुकुर पालन, माछा पालन, तरकारी खेति) संग पनि जोडेर संचालन गर्न सकिन्छ । जस बाट लाभको दरमा वृद्धि गर्न सकिन्छ ।

(ज) फर्मका सम्पुर्ण बँगुरहरुको समयमा नै विमा गर्नु पर्दछ । जसले विभिन्न रोगहरुको कारण हुने अनपेक्षीत नोक्सानी न्युनीकरण गर्न सहयोग गर्दछ ।

(झ) व्यवसायलाई निरन्तरता दिइरहनु पर्दछ । व्यवसायको स्थीर साधनहरुमा गरिएको लगानी बाट दिर्घकाल सम्म प्रतिफल प्राप्त गर्न सकिन्छ ।

### ५.२.३. आगामी अनुसन्धान संग सम्बन्धीत सुझावहरु (Further Resesrch Related Recommendations)

बँगुरपालन व्यवसायको एक अध्ययन शिर्षकमा गरिएको यस अध्ययनको विशिष्ट उद्देश्यहरु (क) बँगुरपालन व्यवसायको वर्तमान अवस्थाको विश्लेषण गर्नु (ख) बँगुरपालन व्यवसायको लागत पहिचान गर्नु (ग) बँगुरपालन व्यवसायको लाभ पहिचान गर्नु (घ) बँगुरपालन व्यवसायको लागत लाभ विश्लेषण गर्नु रहेका छन् । यी उद्देश्यहरु पुरा गर्नका लागि छनौटमा परेका सुर्यविनायक नगरपालिका वडा नम्बर १०, भक्तपुरमा संचालित ग्रिनरी एग्रो इन्टिग्रेटेड ग्रुप प्रा.लि. र सिमखोला बँगुर फर्मको अध्ययन गरिएको छ । बँगुरपालन व्यवसाय सम्बन्धी अध्ययन गर्न चाहने अन्य अध्ययन कर्ताहरुले निम्न कुराहरुलाई ध्यान दिन सक्नेछन् ।

(क) बँगुरपालन व्यवसायले व्यवसायीको आर्थिक अवस्थामा पारेको प्रभाव अध्ययन गर्न सकिनेछ ।

(ख) बँगुरको मासुको मुल्य शृङ्खला विश्लेषण गर्न सकिनेछ ।

(ग) बँगुरपालन व्यवसायले रोजगारीको क्षेत्रमा पारेको प्रभाव अध्ययन गर्न सकिने छ ।

**अनुसूची १ (Appendix 1)**

**व्यवसायीका लागि प्रश्नावली**

नाम थर ........................................ , ठेगाना .......................................

उमेर ....................... ,लिङ्ग ............................, सम्पर्क नं. ....................

पारिवारिक विवरण :

| **क.सं.** | **नाम,थर** | **उमेर** | **लिङ्ग** | **शिक्षा** |
|---|---|---|---|---|
| **१** | | | | |
| **२** | | | | |
| **३** | | | | |
| **४** | | | | |
| **५** | | | | |

१. तपाँइले बँगुरपालन व्यवसाय कति सालमा सुरु गर्नु भयो/कति वर्ष भयो ?

..........................................................................................................................

२. तपाँइले बँगुरपालन व्यवसाय गर्नु भन्दा अगाडि कुन पेशा अवलम्बन गर्नु भएको थियो ?

क. व्यापार　　　　ख. नोकरी　　　　ग. कृषि　　　　घ. अन्य

३. उक्त व्यवसाय बाट मासिक कति आम्दानि गर्नु हुन्थ्यो ?

क. १० हजार सम्म,　　　　ख. २० हजार सम्म,

ग. ३० हजार सम्म　　　　घ. ३० हजार भन्दा माथि ।

४. तपाँइले किन बँगुरपालन व्यवसाय नै रोज्नु भयो ?

.......................................................................................................................

५. तपाँइले व्यवसाय सुरु गर्दा कति रकम लगानि गर्नु भयो ?

.......................................................................................................................

६. तपाँइले व्यवसाय सुरु गर्दा कति वटा बँगुर लगाउनु भयो ?

.......................................................................................................................

७. बँगुरपालन व्यवसायका आधारभुत पुर्वधारहरु के के हुन ?

.......................................................................................................................

८. तपाँइको फर्ममा अहिले कति संख्यामा बँगुरहरु रहेका छन ? जस मध्ये

क. मासुको लागि पालिएको ....................... ख. पाठापाठी ....................................

ग. माउ बँगुर ....................................... घ. विर बँगुर ....................................

९. तपाँइको फर्ममा कुन कुन जातका बँगुरहरु रहेका छन ?

क. ..................................................ख. .................................................

ग. ................................................ घ. .................................................

१०. कति उमेरको भए पछि पाठापाठी विक्री गर्नु हुन्छ ?

................................................................................................................

११. कति उमेरको भए पछि पाठापाठी विक्री गर्नु हुन्छ ?

................................................................................................................

१२. तपाँइले आर्थिक वर्ष २०७६/२०७७ मा कति संख्यामा पाठापाठी विक्री गर्नु भयो ?

.......................................................................................................

१३. प्रतिगोटा पाठापाठीको औषत कति मुल्यमा विक्री गर्नु भयो ? रु..................

१४. तपाँइले आर्थिक वर्ष २०७६/२०७७ मा कति संख्यामा मासुजन्य बँगुर विक्री गर्नु भयो ? .......................................................................................................

१५. प्रतिगोटा उक्त बँगुर कति मुल्यमा विक्री गर्नु भयो ? रु ..................................

१६. फर्मको वार्षिक स्थिर लागत कति थियो ?

क. लगान, रु ................................ ख. तलब, रु ................................

ग. व्याज, रु ................................ घ. कर, रु ................................

ङ. खोर निर्माण, रु ......................... च. गाडि खरिद, रु ......................

छ. अन्य, रु .........................................

१७. उक्त वर्ष फर्मको वार्षिक परिवर्तनशिल लागत कति थियो ?

क. ज्याला, रु .................................... ख. दानापानि, रु .................................

ग. औषधि, रु .................................... घ. सवारी मर्मत तथा इन्धन, रु ............

ङ. खोर मर्मत तथा व्यवस्थापन, रु ......... च. औजार खरिद तथा मर्मत, रु .............

छ. अन्य, रु .............................................................................................

१८. फर्ममा लगानि गर्नका लागि ऋण लिनु भएको छ ?

क. लिएको छ, ....................... ख. लिएको छैन, ...................

१९. (लिएको भए) व्यक्ती/संस्था बाट, कति लिनु भएको छ ?

........................ ..................... बाट रु...............................

२०. (लिएको भए) वार्षिक कति प्रतिशत व्याजमा ?......................................

२१. तपाँइको फर्ममा कति जना कामदारहरु छन ?......................................

२२. प्रति कमदारलाई मासिक कति तलब दिनुहुन्छ ?रु ..................................

२३. बँगुरपालन व्यवसायका सम्भानाहरु के के छन ?

..........................................................................................................

२४. बँगुरपालन व्यवसायका मुख्य समस्याहरु के के हुन ?

........................................................................................................

२५. यस किसिमको समस्याहरु समाधान गर्नका लागि सरकार वा सम्बन्धित निकाय बाट कस्तो नीति कार्यक्रम ल्याउन आवश्यक छ ?

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

..........................................................................................................

२६. बँगुरपालन व्यवसाय गर्न चाहने व्यक्तीहरुलाई तपाँई के सल्लाह सुझाव दिनु हुन्छ ?

..........................................................................................................

........................................................................................................

..........................................................................................................

..........................................................................................................

## अनुसूची २ (Appendix 2)

## कामदारको लागि प्रश्नावलि

नाम, थर............................., उमेर........, लिङ्ग ............ ठेगाना, ....................

१. तपाँइले यस फर्ममा काम गर्नु भएको कति भयो ?

.............................................................................................................

२. यस फर्ममा काम गर्नु भन्दा अगाडि तपाँई कुन पेशामा संलग्न हुनुहुन्थ्यो ?

.............................................................................................................

३. तपाँई यस फर्मका अतिरिक्त कुनै पेशामा संलग्न हुनुहुन्छ ?

.............................................................................................................

४. यस फर्मबाट मासिक कति तलब प्राप्त गर्नु हुन्छ ?

.............................................................................................................

५. तपाँइको परिवारमा कति जना सदस्य हुनुहुन्छ ?

.............................................................................................................

६. के तपाँई यस रोजगारी बाट सन्तुष्ट हुनुहुन्छ ?

.............................................................................................................

७. बँगुरपालन व्यवसायमा के कस्ता समस्याहरु आइपर्दा रहेछन ?

.............................................................................................................

८. तपाँइको विचारमा यस्ता समस्याहरु समधान गर्न सरकारी निकाय बाट के कस्ता नीति तथा कार्यक्रम ल्याउनु पर्दछ ?

.............................................................................................................

## अनुसूची ३ (Appendix 3)

## अवलोकन सुची

१. बँगुरपालन व्यवसायको भौगोलिक अवस्था

२. बँगुरपालन व्यवसायको व्यवस्थामकीय अवस्था

३. बँगुरपालन व्यवसायको पुर्वधारको अवस्था

४. बँगुरहरुको संख्यात्मक अवस्था

५. बँगुरहरुको जातको किसिम

६. बँगुरका लागि दानापानी निर्माणको अवस्था

## सन्दर्भ सूची (References)


अर्थमन्त्रालय, (२०७६), *आर्थीक सर्वेक्षण* २०७५/७६, काठमाण्डौं : अर्थमन्त्रालय, नेपाल सरकार ।

अर्याल, भोलानाथ, (२०७३), *कुखुरा पालन व्यवसायको लागत लाभ विश्लेषण र यसले शिक्षा क्षेत्रमा पारेको प्रभाव,* शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, अप्रकाशित शोध पत्र, कीर्तिपुर ।

उपाध्याय, डिला कुमारी, (२०७६), *उखु खेतिको लागतलाभ विश्लेषण,* शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, अप्रकाशित शोध पत्र, कीर्तिपुर ।

कार्की, केदार, (२०७४), नेपालमा बँगुरपालन : सम्भावना र चुनौति, *रातोपाटी,* भदौ २३, २०७४, Retrieved From https://ratopati.com/story/13598

कार्की, नविन, (२०७१), बँगुरपालनका लागि जैविक सुरक्षा, *कृषि साप्ताहिक,* पुष २७, २०७१ ।

कार्की, राजमान, (२०७६), चीनसँग व्यापार : बँगुरको मासु चीनतर्फ निर्यात गर्न नेपाल इच्छुक, *प्रशासन,* (२०७६/०६/२४) Ritrieved from https://www.prasashan.com/2019/10/11/137637/ ।

खनाल, वासुदेव, (२०७३), *शिक्षाको अर्थशास्त्र,* भोटाहिटी काठमाण्डौं : एस.के.पब्लिसर्स एण्ड डिस्ट्रिव्युटर्स ।

गौतम, भरत राज, (२०७१), *व्यवसायिक बँगुरपालन,* काठमाण्डौ : पाँचपोखरी प्रकाशन गृह ।

जि.स.स. भक्तपुर, (२०७४), *भक्तपुर जिल्लाको संक्षिप्त परिचय, २०७४,* भक्तपुर : जिल्ला समन्वय समीति भक्तपुर ।

तिम्सीना, गीता, (२०७३), *च्याउ फर्मको लागत लाभ विश्लेषण र यसले शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, अप्रकाशित शोध पत्र, कीर्तिपुर ।

दाहाल, तेजबहादुर, (२०७२), *रुद्राक्ष खेतिले स्थानिय किसानहरुको आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, अप्रकाशित शोध पत्र, कीर्तिपुर ।

दाहाल, महेशराज र पौडेल, मिनराज, (२०६६), *आर्थिक विश्लेषण,* काठमाण्डौं : एम.के. पब्लिसर्स एण्ड डिट्रिबुटर्स, भोटाहिटि ।

निरौला, निकास, (२०७१), *कुखुरापालन व्यवसायको लगानि, आय र नाफा नोक्सान* एक अध्ययन, शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, अप्रकाशित शोध पत्र, कीर्तिपुर ।

पशु सेवा विभाग, (२०७२), दुध, फुल, मासु र उनमा वृद्धि : आर्थिक विकास र देशको समृद्धि, *कृषि साप्ताहिक,* साउन ०३, २०७२ ।

पशु सेवा विभाग, (२०७५), *बँगुरपालन पुस्तिका,* हरिहरभवन ललितपुर : राष्ट्रिय पशुपन्छि स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यलय, ।

पशु सेवा विभाग, (२०७५), *बँगुरपालन पुस्तिका,* हरिहरभवन ललितपुर : राष्ट्रिय पशुपन्छि स्रोत व्यवस्थापन तथा प्रवर्द्धन कार्यलय, ।

पशु सेवा विभाग, (२०७५), *पशुपन्छि डायरी २०७५,* ललितपुर : पशु सेवा तालिम तथा प्रसार निर्देशनालय, हरिहरभवन ।

पाण्डे, रामेश्वर सिंह, (२०७४), बँगुरपालन, *कृषि गुरु,* January 19, 2017, Retrieved From https://ict4agri.com/blog/20/read

पौडेल रुद्रप्रसाद र भट्ट खगेन्द्रराज, सम्पा. (२०७५), *बँगुरपालन पुस्तिका,* ललितपुर : पशु सेवा विभाग) ।

शाहि, खेम कुमारी, (२०७३), *दुग्ध सहकारी संस्थाले किसानहरुको पारिवारीक, आर्थिक तथा शैक्षिक क्षेत्रमा पारेको प्रभाव,* शिक्षाशास्त्र संकाय, अर्थशास्त्र शिक्षा विभाग, अप्रकाशित शोध पत्र, कीर्तिपुर ।

सुर्यविनायक नगरपालिका, (२०७६) *पुर्ण सरसफाई रणनितिक योजना-२०७६,* भक्तपुर : सुर्यविनायक नगरपालिका, भक्तपुर ।

ज्ञवाली, पुनम, (२०७४), *कृषि विकासले किसानको पारिवारीक, आर्थिक अवस्थामा पारेको प्रभाव,* अप्रकाशित शोधपत्र, एम.एड. अर्थशास्त्र, त्रि.वि. कीर्तिपुर ।